५० औं वैठक

आज मिति २०७७/०३/०९ गतेका दिन दिउँसो १:०० बजे धनगढी उप-महानगरपालिका का नगर प्रमुख श्री नृप वहादुर वड ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री नृप वहादुर वड | नगर प्रमुख | |
| २) | श्री सुशीला मिश्र भट्ट | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | कार्यपालिका सदस्य | |
| ४) | श्री नर वहादुर बम | कार्यपालिका सदस्य | |
| ५) | श्री वल वहादुर ऐर | कार्यपालिका सदस्य | |
| ६) | श्री दिपक कुमार थापाक्षेत्री | कार्यपालिका सदस्य | |
| ७) | श्री हिरा सिंह पातली | कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | कार्यपालिका सदस्य | |
| ९) | श्री सिताराम राना | कार्यपालिका सदस्य | |
| १०) | श्री नारायण प्रसाद वराल | कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम भण्डारी | कार्यपालिका सदस्य | |
| १२) | श्री राजेन्द्र राना | कार्यपालिका सदस्य | |
| १३) | श्री गंगा राम राना | कार्यपालिका सदस्य | |
| १४) | श्री गणेश प्रसाद जोशी | कार्यपालिका सदस्य | |
| १५) | श्री विजय राज जोशी | कार्यपालिका सदस्य | |
| १६) | श्री राम वजारी चौधरी | कार्यपालिका सदस्य | |

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| १७। | श्री फुल राम चौधरी | कार्यपालिका सदस्य | |
| १८। | श्री लक्ष्मी नारायण चौधरी | कार्यपालिका सदस्य | |
| १९। | श्री माधव राना | कार्यपालिका सदस्य | |
| २०। | श्री मुरारी अधिकारी | कार्यपालिका सदस्य | |
| २१। | श्री तिलु राम चौधरी | कार्यपालिका सदस्य | |
| २२। | श्री सिता राना | कार्यपालिका सदस्य | |
| २३। | श्री वसन्त कुमार ठाकुर | कार्यापालिका सदस्य | |
| २४। | श्री कल्याणी सिंह | कार्यापालिका सदस्य | |
| २५। | श्री गीता पन्त | कार्यपालिका सदस्य | |
| २६। | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २७। | श्री प्रेम वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| २८। | श्री रिम्पी देवी चौधरी | कार्यपालिका सदस्य | |
| २९। | श्री प्रेम सिह विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ३०। | श्री नारायण प्रसाद सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

Scanned with CamScanner

**निर्णय नं. १:** आगामी पाँचौ नगरसभामा तपशिल अनुसारको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न नगर उप-प्रमुखलाई तोक्ने र तपशिल बमोजिम गर्ने गराउने निर्णय गरियो ।

धनगढी उप–महानगरपालिकाको पाँचौ नगरसभामा प्रस्तुत हुने गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आय र व्ययको विवरण, चालु आर्थिक वर्ष २०७६/०७७ को संशोधित आय र व्ययको विवरण, आगामी आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट

नगर सभामा पेश हुने मिति २०७७।०३।१०

सर्वप्रथम म यस नगरसभाको महत्वपूर्ण घडीमा ईतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय शहीदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्नुका साथै शहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दछु । राष्ट्रियताको स्वाधीनता, लोकतन्त्र, सामाजीक न्याय, समानता र समृद्धिको लागी संघर्ष गर्नु हुने नेपाली नागरिक त्यसको नेतृत्व गर्नु हुने राजनीतिक शिखर व्यक्तित्वहरु प्रति हार्दिक आभार तथा सम्मान प्रकट गर्दछु । विश्वभरी फैलिएको कोभिड-१९ परिदृस्यमा स्थानीय तहको वार्षिक बजेट तर्जुमा गर्दा यस रोगबाट संक्रमित सम्पूर्ण नेपाली दाजु भाई दिदी बहिनीहरुलाई स्वास्थ्य लाभको कामना गर्दछु । यस महामारीबाट दिवंगत हुने व्यक्तिहरुको चीर शान्तिको कामना गर्दछु ।

**सम्मानित नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

पाँचौ नगरसभामा उप–महानगरपालिकाको वार्षिक नीति, कार्यक्रम तथा बजेट पेश गर्न पाउँदा हामीलाई खुशी लागेको छ । सुसंस्कृत, सुन्दर र समृद्ध सुदूरपश्चिम प्रदेशको राजधानी धनगढी नगरको विकासमा प्रत्यक्ष र अप्रत्यक्ष सहयोग र समर्थन गर्नुहुने सम्पूर्ण महानुभावलाई हार्दिक आभार प्रकट गर्दछु ।

लामो संघर्ष पछि नेपाली जनताको चाहना अनुरुप नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र,धर्म निरपेक्षता, समानुपातिक समावेशी कार्यप्रणाली, सामाजीक न्याय जस्ता संवैधानिक प्रावधानका फलस्वरुप स्थानीयतहको निर्वाचन पश्चात पाँचौ नगर सभामा उपस्थित सम्पूर्ण नगर सभाका सदस्यज्यूहरु,स्थानीय तहको निर्वाचन २०७४ पश्चात हामी जन प्रतिनिधीहरु यस उप–महानगरपालिकामा निर्वाचित भै नगरवासीका भावना र आवश्यकताको उच्च सम्मान गर्दै यस धनगढीलाई सुन्दर, स्वच्छ र समृद्ध उप–महानगर बनाउने अभियानका साथ "समुन्नत धनगढी उप–महानगरपालिका,समृद्ध नगरवासी"को नारा लिई सोही अनुरुपको उप–महानगर बनाउने दीर्घकालिन उद्देश्य राखी आर्थिक सामाजीक विकासको मौलिक ढाँचामा अगाडि बढ्न मन, वचन र कर्मले सदैव प्रतिवद्ध र कटिवद्धछौं, रहिरहन समेत अपिल गर्दछु ।

**सम्मानित नगर सभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

धनगढी उप–महानगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा स्थानीय तहले अवलम्वन गर्नु पर्ने प्रक्रिया पुरा गरी आएका नगरवासीहरुका मागहरुलाई उप–महानगरपालिकाको स्रोत र साधनले भ्याए सम्म यथासम्भव समेट्ने प्रयत्न गरेको छु । योजना तर्जुमा गर्दा नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था गरिएका स्थानीय तहका एकल अधिकार र अनुसूची ९ मा व्यवस्था गरिएका साझा अधिकार, स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित), स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, राष्ट्रिय योजना आयोगबाट प्राप्त दिग्दर्शन, संघीय सरकारको बजेट तथा कार्यक्रमका साथै प्रदेश सरकारको बजेट तथा कार्यक्रम र मार्गदर्शनलाई पूर्णतः अवलम्वन गर्दै यो नीति,कार्यक्रम तथा बजेट तयार गरिएकोछ । नीति तथा कार्यक्रम निर्माणका लागी चालु त्रिवर्षीय योजना, वडासमितिहरु, विभिन्न लक्षित समूहहरु, राजनैतिक दलहरु, बिषयगत शाखाहरु तथा गैर सरकारी संघ संस्था, नागरिक समाज, सम्वन्धित क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तित्वहरुबाट प्राप्त सुझाव एवं वडास्तरबाट छनौट भै प्राथमिकिकरणको आधारमा नगरकार्यपालिकाको बैठक मार्फत सिफारिस भै आएका योजनाहरुलाई नगरसभामा पेश गरेको छु ।

राजश्वका दरहरुमा नगरस्तरीय राजश्व परामर्श समितिको प्रतिवेदनको आधारमा नगरकार्यपालिकाको बैठकबाट सिफारिस भै आएका दरहरुलाई यस नगरसभामा पेश गरिएकोछ । जस अनुसार कर, शुल्क तथा दस्तुरमा संशोधन गरि करको दायरा फराकिलो गरिएको छ भने सम्पति करका दरहरुमा संशोधन गरी सम्पत्तिकर र मालपोत तथा भुमिकरका आधारमा करका दररेट कायम गरिएको छ । साथै हालको जटिल परिदृष्यमा राजस्वमा बढोत्तरी ल्याउन कठिन परेकोले सो लाई समेत विचार गरी बजेट तर्जुमा गरेको छु ।

सिमित श्रोत साधनबाट काम गर्नुपर्ने चुनौति हुदाँ हुदै पनि चालु आ.व.२०७६।०७७ मा नगरवासीहरुको हित र सुविधाका लागी शहरी सुशासन, सामाजीक विकास एवं भौतिक पूर्वाधार निर्माण तथा श्रोत परिचालन गरि पर्यटन क्षेत्रको विकासका सम्बन्धमा केही अनुभूतियोग्य कार्य गर्ने प्रयास गरिएकोछ । दुर्भाग्यवश विश्वव्यापी फैलिएको कोभिड-१९ को संक्रमण र विस्तारले हामीलाई पनि अपेक्षित विकास र प्रगति गर्न ठेस लागेको छ । नगरवासी बन्दाबन्दीबाट आहात नहुन र जनजीवन सामान्य बनोस भन्नका लागी राहत वितरण मापदण्ड २०७६ पारित



Scanned with CamScanner

गरि न.पा. ले उपलब्ध गराउने राहत सामाग्रीको दररेट तोकी सोको आधारमा बोलपत्रको माध्यमबाट खाद्यान्न सामाग्री उपलब्ध गराउन प्रत्येक वडाहरुमा आपूर्ति व्यवस्थापन समिति गठन गरि तोकिए बमोजिमको राहत खाद्य सामाग्री उपलब्ध गराइएको छ।

नगरपालिकाले आफ्नो दैनिक प्रशासनिक एवं विकास निर्माणका कार्यहरुलाई अझ चुस्त/दुरुस्त बनाउन तथा सम्पादन गरिएका नियमित सेवा तथा विकासका कार्यहरुमा नगरवासी प्रतिको जवाफदेहितामा वृद्धि गर्न सरोकारवालाहरुको जिज्ञासा, सुझाव र प्रतिक्रियाका लागी सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिईएको छ । सञ्चालित योजनामा उपभोक्ता समितिका सरोकारवालाहरूलाई जनता प्रतिको जवाफदेहीता वृद्धि गर्न सामाजीकपरीक्षण कार्यलाई प्रभावकारी बनाउदै लगिएको छ ।साथै यस बन्दाबन्दीको विद्यमान असहज अवस्थामा समेत न.पा. भित्रको पूर्वाधार विकास निर्माण कार्यलाई संभव भए सम्म सुचारु गरिएको छ | दैनिक सेवा प्रवाह समेत यहि आषाढ १ देखि भिडभाड नहुने गरि दुइ सिफ्टमा सुचारु गरिएको छ |

सार्वजनिक खर्चमा प्रतिष्पर्धा, मितव्ययिता र पारदर्शिताका लागी हालैमात्र नगरपालिकाले कार्यपालिका बैठक मार्फत स्वीकृत गराई स्थानीय सार्वजनिक खरिद नियमावली, २०७७ कार्यान्वयनमा ल्याइएको छ । जनताका गुनासाहरु सुन्नका लागी टोल फ्रि नं.(०९१–५२७७७७) को व्यवस्था गरिएको छ,गुनासाहरुको सुनुवाई यथाशिघ्र व्यवस्थापनका लागी अधिकार सम्पन्न समिति समेत बनाई कार्यान्वयनमा लगिनुका साथै गुनासो र सुझाव व्यवस्थापनको लागी गुनासो व्यवस्थापन कार्यविधि २०७४ कार्यपालिकाबाट स्वीकृत गरि कार्यविधि अनुसार कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकी गुनासो अभिलेखिकरण गरी गुनासाहरुलाई सम्बोधन गर्ने कार्यको उचित व्यवस्था गरिएको छ । नगरबासीहरुको सूचनामा सहज पहुँच होस भन्ने उद्देश्यले धनगढी उप महानगरपालिकाले आफ्नो मोवाईल एप बनाई कार्यान्वयनमा समेत ल्याएको छ । कार्यालय परिषरमा सुझाव पेटीका राख्नुका साथै प्रत्येक वडा कार्यालयमा सुझाव पेटीका राखी अनुगमन गर्ने कार्यको सुव्यवस्था गरि कार्यपालिका तथा नगर सभाका सूचना प्रवाह व्यवस्थापनको लागी नगर प्रवक्ताको व्यवस्था गरिएको छ । कार्यालय को सूचनाहरु आम नगरबासीमा सहजरुपमा पुर्याउने कार्यका लागी हाम्रो धनगढी मोवाईल एप्लीकेशन, डिजिटल सूचना पाटी, सूचना अधिकारीको समेत व्यवस्था गरि कार्यपालिकाको सम्पूर्ण सूचनाहरुलाई ध.उ.म.न.पा.को वेव साईटमा राख्ने व्यवस्था गरिएको छ । प्रत्येक वडा कार्यालयमा प्रवक्ताको चयन गरिनुका साथै सूचना अधिकारीहरुको समेत व्यवस्था गरिएको छ । कार्यालयमा आउने सेवाग्राहीलाई सहयोग पुर्याउने उद्धेश्यले हेल्प डेस्क तथा नागरिक वडापत्रको व्यवस्थासमेत भैसकेकोछ । कार्यालयको लेखा, राजश्व सम्बन्धी कार्यहरुमा सफ्टवेयर जडान गरी कम्प्यूटरिकृत गरिसकिएको छ । ठूला प्रकृतिका योजनाहरुमा हुने ठेक्का बन्दोवस्तका लागी **E-bidding** कार्यान्वयनमा ल्याइएको छ । प्रत्येक वडामा वडा कार्यालयको स्थापना गर्ने कार्य सम्पन्न भैसकेको छ भने चार ठाउँमा सूचना प्रविधि केन्द्र समेत राखिएको छ । सबै वडाहरुमा नेटवर्किङ्गको कार्यलाई अझ चुस्त दुरुस्त र प्रभावकारी बनाउने कार्यको थालनी भै सकेको छ ।

यसैगरी, धनगढी उप-महानगरपालिकाद्धारा संचालित योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुलाई अनुगमन, सुपरिवेक्षण तथा मुल्यांकनको माध्यमबाट दिगो, वातावरणमैत्री, पारदर्शी र जनसहभागितामूलक बनाई सुशासन प्रवर्दन गर्दै गुणस्तरिय र नतिजामुखी बनाउन र नागरिकको स्थानीय सरकार प्रतिको बढ्दो आकांक्षा र बदलिदो परिवेश सँगै नगरभित्र निर्माण/सञ्चालन हुने सवै प्रकारका योजनाहरूको सफल कार्यान्वयनको दरिलो आधार निर्माण गर्दै धनगढी उप-महानगरपालिकालाई पूर्वाधारको हिसावले सक्षम र सामाजिक सुरक्षाको हिसावले समतामूलक बनाउन सवै खाले योजना निर्माण तथा संचालन गर्दा त्यसको गुणस्तरीयता, वातावरणिय अनुकुलता, सामाजिक न्याय र दिगो विकास समेतलाई प्रथम प्राथमिकता राखि सबल, दिगो र भरपर्दो बनाउन तथा सवै खाले योजनाहरूको निर्धारित मापदण्ड बमोजिमको नतिजा प्राप्तिका लागि नियमित अनुगमन तथा मूल्याङ्कन समेतलाई विश्वासिलो, भरपर्दो, स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्ने नीति अबलम्बन गरिएको छ | साथै, सोहि प्रयोजनार्थ धनगढी उप-महानगरपालिकाको योजना अनुगमन तथा मूल्याङ्कन कार्यविधि (२०७६) स्वीकृत गरी लागू गरिएको छ ।

नगरपालिकाको फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन निजी क्षेत्र सँग साझेदारी गरी सो कार्यलाई निरन्तरता दिईएको छ । स्रोतमा फोहोरमैला वर्गिकरण गरी फोहोर न्युनिकरण गर्न विभिन्न टोलवस्तीहरुमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा समेत निरन्तरता दिईएकोछ । प्रमुख शहरी एवं आवसीय क्षेत्रहरुमा सडकवत्ति व्यवस्थापन कार्यका लागी सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सौर्य सडक बत्तिको जडान कार्यलाई अगाडि बढाइएको छ । सौर्य उर्जा सहितको बस बिसौनीको स्थापना गर्नका लागी सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार निजी क्षेत्र संग सम्झौता भै कार्यअगाडि बढाईएको छ । उप–महनगरपालिकाको विभिन्न भागमा छाडारुपमा छाडिएका चौपायाहरुको उचित व्यवस्थापन गरिएको छ भने यसै उप–महानगरपालिका क्षेत्र भित्र देवरिया सामुदायिक वन,फुलवारी तथा बेहडाबाबा क्षेत्रमा गौशालाको निर्माणगरी वडा नं. ३ को चटकपुरमा समेत गौशाला निर्माण गरिएको छ । धनगढी उप–महानगरपालिकालाई सफा र सुन्दर बनाउन प्रत्येक महिनाको प्रथम र तेस्रो शनिवार नगरपालिका र नीजि क्षेत्रसँग मिली व्यापक सरसफाई अभियान सुरु गरिएको मा



Scanned with CamScanner

कोभिड-१९ को संक्रमणको जोखिमले यस अभियानलाई केहि समयको लागी स्थगित गरिएता पनि यस 'बन्दाबन्दी' अवधिभरमा सरसफाई सेवालाई निरन्तरता दिइएको छ। दमकल सेवा **चौबिसै** घण्टा चालु अवस्थमा राखिएको छ।

**भौतिक अवस्था**

उप महानगरपालिकाको समष्टिगत भौतिक पूर्वाधार तर्फ हालसम्ममा कालोपत्रे सडक निर्माण २०२ कि.मी. कालोपत्रे सडक मर्मत ८४ कि.मि, ग्रावेल सडक निर्माण ४८३ कि.मी. तयार भैसकेको छ। निर्माणाधीन नयाँ वडा कार्यालयको भवनको निर्माण कार्य सम्पन्न गरिएको छ ।स्वास्थ्य तर्फ प्रादेशिक आयुर्वेद चिकित्सालय निर्माणाधिन चरणमा रहेको छ र बेली शहरी स्वास्थ्य केन्द्रलाई अभिबृद्धि गरि कर्मचारीहरुको समेत व्यवस्था गरिएको छ। अधिकांश वडामा शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना भैसकेको छ र बाँकी वडाहरुमा समेत शहरी स्वास्थ्य केन्द्रको स्थापना गरिने छ। उप–महानगरपालिका क्षेत्रमा एउटा सपिङ्ग कम्प्लेक्स निर्माण भैसकेको छ। अर्को एउटा सपिङ्ग कम्प्लेक्स निर्माणाधिन अवस्थामा रहेको छ। बसपार्क टर्मिनल भवन निर्माण सम्पन्न भै संचालनमा रहेको छ भने बसपार्क निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। वडा नं. १९ फुलवारी वसपार्क निर्माण अन्तिम चरणमा पुगेको छ।

**वार्षिक नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिईएका आधारहरु:**

- नेपालको संविधानको अनुसूचि ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अङ्गिकार गरेको चौधौ आवधिक योजनाले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु एवं पन्ध्रौं योजनाको आधार–पत्र (आ.व. २०७७/०७८–२०८०/०८१),
- संघीय सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- प्रदेश सरकारले अङ्गिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतिकरणको प्रतिवेदन,
- स्थानीय सरकार संचालन ऐन २०७४ (संसोधन सहित),
- संघीय सरकारबाट प्राप्त बजेट र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु,
- माननीय सांसदज्यूहरु, राजनैतिक दलहरुबाट प्राप्त सुझाबहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझाबहरु,
- राजश्व परामर्श समितिको प्रतिवेदन सिफारिस,
- श्रोत तथा बजेट सीमा निर्धारण समितिको श्रोत तथा बजेट अनुमानहरु,
- बजेट तथा योजना तर्जुमा समितिले दिएका सिफारिसहरु,
- नगरपालिकाका विभिन्न विषयगत समितिका सिफारिसहरु,
- विगत वर्षहरुमा सम्पन्न भएका नगर सभा बैठकहरुबाट भएका निर्णयहरु,
- कोभिड-१९ को परिदृश्यमा स्थानीय तहको वार्षिक बजेट तर्जुमा गर्दा ध्यानदिनु पर्ने भनि सम्बन्धित मन्त्रालयबाट प्राप्त निर्देशन २०७७,
- न.पा.ले सन्चालन गरेको मिति २०७६/११/१८ को विकाश सम्मेलनबाट प्राप्त सुझावहरु,
- न.पा. ले स्वीकृत गरेको राहत वितरण मापदण्ड २०७६, चालु आ.व. २०७६।०७७ मा अपनाएका खरिद प्रशासन संबन्धि कागजात, तथ्य र तथ्याङकहरु,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागी निर्णय गरी तोकेका आधारहरु,
- विभिन्न बिषयगत विज्ञहरुसँग छलफल गर्दा प्राप्त सुझावहरु,
- 'विभिन्न विषयगत शाखा/महाशाखाहरुबाट प्राप्त राय सल्लाह तथा सुझावहरु,
- दातृसंस्था /अन्तर्राष्ट्रिय विकास साझेदारहरुबाट प्राप्त सुझावहरु,



Scanned with CamScanner

बजेट बिनियोजन गर्दा प्रत्येक वडालाई ५० लाख सम्म समानरुपमा र बाँकी रकम जनसंख्या तथा भूगोल, राजश्व संकलन र विकासको अवस्थालाई आधार मानी क्रमशः ४०,२०,२० प्रतिशतको अनुपातमा भार दिई बजेट विनियोजन गरिएकोछ । लक्षित वर्गलाई न्यायोचितरुपमा सम्बोधन हुने गरी बजेटलाई बिनियोजन गरी खर्च गर्ने व्यवस्था मिलाउने कार्यलाई निरन्तरता दिईएको छ । कोभिड-१९ को कारण लामो समय सम्म देश बन्दाबन्दीको अवस्थामा रहेकोले अपेक्षा गरे अनुसार विकास बजेट विनियोजन गर्न भने सकिएको छैन । **उप–महानगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ देखी अवलम्बन गर्ने गरी तयार गरेका नगर विकासका नीति,कार्यक्रम तथा बजेटमा सामान्य उद्देश्यहरु देहाय बमोजिम रहेकाछन् :**

- नगर क्षेत्र भित्रका सम्पूर्ण सडकहरुलाई नियमित मर्मत सम्भार गरी बाहै महिना संचालनमा ल्याउने व्यवस्था गरिने ।
- नगरमा विद्युतको सुदृढीकरण, बैकल्पिक उर्जालाई प्रवर्द्धन गरिने ।
- नगरवासीका जीवनयापनका न्यूनतम आधारभूत आवश्यक्ता परिपूर्ति गर्दै गरिवी, विपन्नता र पछौटेपन अन्त्य गरिने ।
- नगर क्षेत्रभित्रको श्रोत, अवसर र क्षमताको उच्चतम उपयोग गरी आर्थिक तथा मानवीय विकास गरिने ।
- सामाजीक तथा संस्कृतिक रुपान्तरण"स्वस्थ्य र सभ्य संस्कृति सामाजीक सुसम्वन्ध सुधारको नीति" अवलम्बन गरिने ।
- नगर क्षेत्र भित्रका ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक सम्पदाको संरक्षण, संबर्धन र विकासका लागी अध्ययन अनुसन्धान गर्ने तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धन गरिने ।
- सामुदायिक सृजनशीलता र उद्यमशीलताको प्रवर्द्धन र विकास गरी जनसहभागितामा आधारित सामुदायिक विकास गरिने ।
- व्यवसायिक सीपको विकास र प्रवद्धन गरी यसलाई उद्यमशिलतासँग जोडी उद्यमशिल शहरको लागी आधार खडा गरिने ।
- नगरको सम्पदाको रुपमा रहेका थारु लगायत विभिन्न समुदायको कला,संस्कृति,साहित्यको प्रर्वद्धन तथा संरक्षण गरिने ।
- नगर भित्र विद्यमान जाति, धर्म, प्रथा, परम्परा, रीति तथा संस्कारका नाममा हुने विभेद, शोषण, अन्याय अन्त्य गरी मानवतामा आधारित समाज निर्माण गर्ने नीति लिईने ।
- नगर क्षेत्रका विविधजातजाती, समुदायको भाषा, संस्कृति,साहित्य,कला, चलचित्र सम्पदाको संरक्षण एवं प्रर्वद्धन गरिने ।
- कोभिड १९ को परिदृश्यमा स्वास्थ्य, शिक्षा, खानेपानी र सरसफाई, कृषि, पशु सेवा, उद्योग, वाणिज्य, सहकारी, पर्यटन, वातावरण र विपद व्यवस्थापन लाई विशेष ध्यान दिइने |

**कार्यक्रमका तथा बजेटका प्राथमिकता क्षेत्र**

- कोभिड-१९ बाट सिर्जित संकट व्यावस्थापन सम्बन्धमा लिइएका प्रथमिकता क्षेत्रहरु
- पूर्वाधार विकास (सुधारिएको सडक)
- कृषिमा आधुनिकीकरण तथा ब्यवसायिकरणको लागी विशेष जोड
- शिक्षा क्षेत्रमा गुणात्मक सुधार
- गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार
- सूचना प्रविधि तथा सञ्चारमा विकास
- उद्यम र सहकारीताको विकास
- कोभिड १९ बाट सृजित समस्या व्यवस्थापन (स्वास्थ्य, सरसफाई र विपद व्यवस्थापन)
- मानव संसाधन र सामाजीक विकास
- पर्यटन प्रवर्द्धनको क्षेत्रमा विशेष जोड
- सामुदायिक वनको संरक्षण तथा ब्यवस्थापन
- प्राकृतिक विपद ब्यवस्थापन पूर्व तयारी, पुनर्स्थापना , पुनर्निर्माण,क्वारेन्टाइन व्यवस्थापन, राहत वितरण, सचेतना कार्यक्रम



Scanned with CamScanner

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरि कार्यन्वयन गरिने आयोजनाहरु छनौट गर्ने, संक्रमण जोखिम रहदा सम्म अशक्त, असहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपांगता भएका व्यक्तिहरुलाई राहतका कार्यक्रम संचालन गर्ने गरि बजेट विनियोजनको प्राथमिकता
- कोभिड-१९ रोगको व्यावस्थापन, उपचार र नियन्त्रणमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पन्जा, सेनिटाइजर, पीपीइ) को अभाव नहुने गरि बजेट व्यवस्थामा प्राथमिकता

**कोभिड-१९ संवेदनशील योजना तर्जुमाको सन्दर्भमा अपनाइएका सान्दर्भिक रणनीतिहरु**

- विपन्न श्रमीकलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग हुने आयोजना छनौटमा प्राथमिकता दिईने छ।
- संक्रमणको जोखिम रहदा सम्म असक्त असाहाय एवं आर्थिकरुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपागंता भएका ब्यक्तिहरुलाई राहतका कार्यक्रम सञ्चालन गर्न वजेट ब्यस्था गरिने छ।
- कोभिड –१९ मा स्थानीय तहमा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तीलाई स्वास्थ्य सुरक्षा सामाग्रीका लागी प्रयाप्त वजेट ब्यवस्था गरिने छ।
- संक्रमणको सम्भावित जोखीममा रहेका नागरिकहरुलाई क्वारेन्टाईन तथा आइसोलेशनमा राख्ने ब्यवस्था मिलाउन आवश्यक वजेटको ब्यवस्था गरिने छ। साथै व्यावस्थापन समेत गरिने छ।
- वहुवर्षिय र चालु आ.व. ०७७/०७८ का अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गरि प्राथमिकता दिईने छ।
- स्वास्थ्य संकट समाधान संग सम्बन्धित कार्यहरुका लागी आवश्यकता पहिचान गरी वजेटमा प्राथमिकता दिईने छ।
- संक्रमण रोकथाम तथा नियन्त्रणका लागी क्षमता विकास तथा चेतनामुलक कार्यक्रमको लागी आवश्यक वजेट ब्यवस्था गरिने छ।
- एम्बुलेन्स, सव वाहन, दमकल जस्ता सेवा लाई चौविसै घण्टा संचालन हुने गरी तयारी अवस्थामा राख्न वजेटको ब्यवस्था मिलाईने छ।
- वालवालिका, गर्भवती महिला, जेष्ठ नागरिक, अपांगता भएका ब्यक्ति, डिप्रेशनमा रहेका ब्यक्ति तथा मनोपरामर्श आवश्यक पर्ने ब्यक्तिहरुलाई "मनोसामाजीक परामर्श" सेवा उवलब्ध गराउने कार्यक्रम सन्चालन गर्न आवश्यक वजेटको ब्यवस्था गरिने छ।
- विद्यालय वन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिको प्रयोग गरि पठनपाठन सुचारु गर्न आवश्यक वजेट ब्यवस्था गर्न पहल गरिने छ।
- सामाजीक दुरी कायम गरी विद्यालय सञ्चालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्वन्धि मापदण्ड पालना गरि पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पुर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक वजेट ब्यवस्था गर्न पहल गरिने छ।
- अस्पताल, स्वास्थ्य चौकी तथा स्वास्थ्य एकाईवाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाका लागी आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामाग्रीका लागी आवश्यक वजेट ब्यवस्था गरि कार्यान्वयनमा लगिने छ।
- खोप, सुरक्षित मातृत्व, प्रजनन् स्वास्थ्य, पोषण जस्ता जनस्वास्थ्य संग सम्बन्धित आधारभुत सेवा सुविधा लाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वंयमसेविका लाई परिचालन गर्न आवश्यक वजेटको ब्यवस्था गरिने छ।
- कृषि उत्पादनमा आत्म निर्भरता र उद्यमशिलताको प्रवर्द्धन गर्न आवश्यक वजेटको ब्यवस्था गरिने छ।
- कृषि तथा पशु वीमा कार्यक्रमलाई प्रोत्साहित गर्ने नीति लिइने छ।
- बाँझो जगाहरुको एकिकृत तथ्यांक संकलन गरि सोको पूर्ण उपयोगको ब्यवस्था मिलाउन भूमि बैंकको अवधारणा लाई कार्यान्वयन गर्न सहजिकरण गरिने छ।
- स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्द्धन गर्न सीपमुलक तालीमको ब्यवस्था गरि उत्पादीत बस्तुहरुको वजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुग्ने गरि कार्यक्रम तथा वजेटको ब्यवस्था गरिने छ।



Scanned with CamScanner

- विदेशवाट फर्कीएका तथा रोजगारीको खोजीमा रहेका ब्यक्तिहरुमा रहेका सीपको विवरण समेत रोजगार सुचना केन्द्रमा अद्यावधिक गरि त्यस्तो जनशक्तिलाई स्थानीय तह भित्र उपलब्ध हुने निर्माण, सेवा, ब्यवसाय, उद्योग, कृषि लगाएतका क्षेत्रका रोजगार दातासंग समन्वय गरि रोजगारि प्रदान गर्न सहजीकरण गर्ने ब्यवस्था मिलाईने छ।
- सेवा प्रवाहलाई सम्भव भए सम्म प्रविधिमैत्री बनाउने ब्यवस्था गरिने छ।
- आय संकलन प्रक्रिया र विधिमा सुधार गरिने छ।
- आय ठेक्कामा छुट सहुलियत दिनु पर्ने अवस्था रहेमा सोको समेत आँकलन गरि आवश्यक नीतिगत तथा कानुनी ब्यवस्था मिलाईने छ।
- ब्यापार ब्यावसाय तथा सेवा क्षेत्रमा पर्न गएको असरवाट राहत प्रदान गर्न कर सहुलियत सम्बन्धि आवश्यक कानुनी ब्यावस्था गरिने छ।

**कोभिड-१९ संवेदनशिल संकट ब्यवस्थापन**

- कर तथा गैरकर राजश्वमा पर्न सक्ने असरलाई आँकलन गरि आन्तरिक आय अनुमानलाई यथार्थपरक बनाईने छ।
- कोभिड–१९ बाहेकका विपदहरुको रोकथाम तथा न्युनिकरणको लागी पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद ब्यवस्थापन कोषमा आवश्यक वजेट ब्यवस्था गरिने छ।
- पुर्वाधार विकास क्रियायकलापहरु संचालन गर्दा विपद जोखीम संवेदनशिलतालाई केन्दविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाईन तथा इस्टिमेट गर्न लगाईने छ ।
- आन्तरिक आय, अन्तरसरकारी वित्त हस्तान्तरण, राजश्व वाँडफाँड तथा रोयल्टी रकममा आउन सक्ने कमीलाई ध्यान दिदै लचकता सहितको उपयुक्त आकारको वजेट तर्जुमा गरिएको छ।
- प्रशासनिक संरचना र कार्यलाई मितव्ययि बनाउन अनुत्पादक खर्चहरु कटौती गर्ने नीति अवलम्बन गरिने छ। सीपयुक्त जनशक्ति वाट अधिक सेवा प्राप्त गर्ने र सेवा प्रवाह गराईने नीति लिईने छ।
- आवश्यकता पहिचान ढाँचावाट प्राथमिकतामा परेका क्रियाकलापहरु कार्यान्वयन गर्न नीजि क्षेत्र, गैरसरकारी संस्था तथा स्थानीय सामुदायिक संस्था हरुलाई परिपुरक काममा परिचालन गर्ने नीति लिईने छ।
- फोहरमैला ब्यस्थापन, खानेपानी र सरसफाई जस्ता आधारभुत सेवाहरुको उपलब्धता तथा गुणस्तरमा सुधार ल्याउन आवश्यक ब्यस्थापनको लागी पहल गरिने छ।
- अन्य प्रकोप तथा विपद ब्यबस्थापनका लागी स्थानीय सरकारको क्षमता विकास गर्ने रणनिति तय गरिने छ।
- शैक्षिक क्रियाकलापहरुलाई सुरक्षितरुपमा संचालन गरिने छ।
- स्थानीय सरकार अन्तर्गतका स्वास्थ्य सेवालाई सुदृढ र सवलीकरण गरिने छ।
- प्रशासनिक सेवा प्रणालीम सुधार ल्याईने छ।
- कोभिड–१९ को प्रतिकुल असरलाई न्युनिकरण गर्ने विषय प्राथमिता सहित समावेश गरि कार्यक्रम, पुर्वाधार निर्माण र सेवा प्रवाहलाई सुचारु गरिने छ।
- कोभिड–१९ लगायत सवै प्रकारका माहामारी र विपदवाट नागरिक जीवनको रक्षा गर्दै आर्थिक तथा सामाजीक विकासलाई निरन्तरता दिईने छ।
- कोभिड–१९ संवेलनशिल कार्यक्रमहरुको निम्ति विकास साझेदार निकायहरु तथा गैरसरकारी संस्थाहरुको सहयोगवाट सञ्चालन हुने कार्यक्रममा दोहोरोपना हुन नदिने ब्यवस्था गरिने छ।
- आवश्यकता र सम्भाब्यताको आधारमा संघ र प्रदेश सरकार संगको सहकार्यमा समेत थप कार्यक्रमहरु सञ्चालन गरिने छ।
- स्थानीय तह मार्फत कार्यान्वयन गरिने संघ र प्रदेश सरकारको वजेटमा उल्लिखित कार्यक्रमसंग नवाझिने गरि र दोहोरो नपर्ने गरि कार्यक्रम तथा योजना परियोजना निर्धारण गरिने छ।



Scanned with CamScanner

१. **आर्थिक विकास तर्फः**

**कृषि तर्फः**

- जैविक (Organic) खेतीलाई प्रोत्साहन गरिनेछ।
- क्वारेन्टाईन चेकपोष्ट स्थापना गरी अनियन्त्रित रुपमा आयात भै रहेका अस्वस्थ तरकारी लगायत खाद्य पदार्थ आयातमा नियन्त्रणको लागी आवश्यक पहल गरिने छ।
- बगर खेतीलाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालनमा ल्याईने छ।
- एक वडा एक कृषि उत्पादन कार्यक्रमको अवधारणलाई अगाडि बढाउन आवश्यकता अनुसार प्रत्येक वडामा एक कृषि प्राविधिक राख्ने व्यवस्थालाई निरन्तरता दिईने छ।
- उपलब्ध स्थानीय स्रोत,श्रम, सीप र पूँजीको सामुहिकरुपमा परिचालनको माध्यमबाट उत्पादकत्व वृद्धि गरी नगरक्षेत्रको दीगो र समतामुलक आर्थिक विकास गरिनेछ।
- बनस्पती खेतीका कार्यक्रमहरु संचालनमा ल्याईने छ। कुरिलो, घ्युकुमारी, अमला, बेल, रुद्राक्ष जस्ता वनस्पती खेतीलाई प्रोत्साहन दिईने छ।
- सबै वडामा माटो परीक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- प्रत्येकघर धुरीलाई आँप,अम्बा,लिची जस्ता फलफूलका बिरुवा निःशुल्क बितरण गरिनेछ।आ.व. २०७७।०७८ मा एक घर २ फलफूलका बोटबिरुवा बितरण कार्यक्रम लागु गरिनुका साथै थप २ फलफूलका बिरुवा सम्बन्धित घरधनीले लगाउनु पर्ने अनिवार्य ब्यबस्था मिलाईने छ।
- कृषि पेशालाई सम्मानित, प्रतिस्पर्धि र व्यवशायिक बनाइने छ।
- कृषिको व्यवसायीकिकरण र यान्त्रिकरणको माध्यमबाट उत्पादकत्वमा स्तर उन्नती गरी खाद्य सुरक्षा सुनिश्चित गरिने छ।
- कृषि क्षेत्रमा यान्त्रिकरणको लागी आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिने छ।
- सिंचाई सुविधा विस्तारको लागी अनुदानको व्यवस्था गर्दै लगिने छ।
- युवा लक्षित कृषि कार्यक्रमहरु सञ्चालन गरिने छ।
- भुमिहिन/कम जग्गा भएकाहरुको लागी मौरीपालन, च्याउ खेती कार्यक्रम संचालन गरिने छ।
- करेसावारी कार्यक्रमको माध्यमबाट तरकारी उत्पादनमा जोड दिईने छ। घरघरबाट कृषि र तरकारी उत्पादनमा उद्यमशीलता अभियान चलाईने छ।
- करेसावारीको माध्यामले अत्मनिर्भर कृषिकर्म अभियान चलाइने छ।
- व्यवसायिक तरकारी, फलफूल व्यावसाय कार्यक्रम संचालन गरी आयात प्रतिस्थापन गर्ने रणनिति लिइने छ।
- आलुको बीऊ उत्पादन कार्यक्रम संचालन गरिने छ।
- उत्पादन बृद्धिको लागी उन्नत प्रविधि सम्बन्धी तालीमहरु संचालन गरिने छ।
- बेमौसमी तरकारी खेती कार्यक्रममा जोड दिइने छ।
- शहरी क्षेत्रमा कौशी खेती कार्यक्रमको शुरुवात गरिने छ।
- कृषि बीमा कार्यान्वयनमा जोड दिइने छ।

**पशु विकास तर्फः**

- सामुदायिक पशुहरुको उपचार तथा भ्यक्सीनेसन गरिने छ। साथै सामुदायिक चौपायाहरुको उचित व्यवस्थापन गरी भविष्यमा सामुदायिक चौपायाहरु रहित नगरपालिका बनाउने नीति लिईने छ।



Scanned with CamScanner

- नगरक्षेत्रमा व्यवस्थित पशु बधशाला निर्माण गरिने छ। हाल संचालित पशु बधशालाहरुको उचित व्यवस्थापन गरी नियमित अनुगमन समेत गरिने छ।
- पशुपंछीमा हुने विभिन्न क्षतिको जोखिम न्युनिकरण गर्न पशुपंछी बीमा कार्यक्रमलाई प्रभावकारी बनाउन चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ। पशुपंछी शाखाबाट संचालन हुने अनुदानका कार्यक्रमहरुमा बिमा अनिवार्य गरिने नीति लिइने छ।
- पशुजन्य पदार्थको उत्पादन तथा पशुको उत्पादकत्व वृद्धि गर्न पशु नश्ल सुधारलाई प्राथमिकता दिइने छ। सो का लागीलागी गाई, भैंसी र बाख्रामा कृत्रिम गर्भाधान कार्यक्रमको निरन्तरता, क्षेत्र विस्तार, प्राविधिको दक्षता वृद्धि र आवश्यक उपकरण उपलब्ध गराइने नीति लिइने छ।
- ग्रामिण क्षेत्रका दलित, जनजाति, विपिन्न, एकल महिला, अपाङ्ग महिला आदिको लागी आयमुलक कार्यक्रम सञ्चालन गरिने नीति लिइने छ।
- दूध, मासु, माछा र अण्डामा आत्मनिर्भर हुन पशुपंछी व्यवसायलाई प्रवर्द्धन गरिने नीति लिइने छ।
- माछापालनको क्षेत्र विस्तार तथा विद्यमान ताल तलैयाको उचित व्यवस्थापन गरी उत्पादकत्व वृद्धि गरिने नीति लिइने छ।
- कृषकहरुको सीप विकास गर्न विभिन्न तालिम सञ्चालन गरिने नीति लिइने छ।

**पर्यटन विकास तर्फः**

- कैलाली नाला, सुकुटी नाला, मोहना नदी किनारमा साइकल ट्र्याक निर्माण गर्ने नीतिलाई निरन्तरता दिईनेछ।
- वडा नं. १३,६,४ र ५ मा रहेका सामुदायिक वन भित्रवाट वग्ने कैलाली खोला सहितको क्षेत्रलाई संरक्षण गरि सामुदायिक वनलाई स्थानीय उद्यान वनाईनुका साथै पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने तथा त्यसको वरिपरि साईकल ट्र्याक निर्माण गरिने छ।
- वडा नं. ३ को सामुदायिक वन क्षेत्र देखि शिवपुरीधाम,जाखोर ताल हुँदै वेहडाबाबा सम्म विभिन्न मठ मन्दिर जोडदै सांस्कृतिक साईकल ट्र्याक निर्माण गर्ने कार्य अगाडि बढाईने छ।
- धनगढी उप–महानगरपालिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माणका लागी तयार भएको **DPR** अनुसार सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स सहितको भ्यू टावर तथा घण्टा घरको निर्माण गरिने छ।
- नेतुवा ताल, जोखरताल, तिल्केताल, बेलाताल, वेहडाबाबाताल, चौफेरीताल, सुन्दरीताल र नथनीतालकथनीताल लगाएत विभिन्न वडामा रहेका तालहरुलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गरिनेछ।
- धनगढी उप–महानगरपालिका वा.नं. ३ को आर्दश सामुदायिक वनमा जडिवुटी खेतीको प्रारम्भ गरि सोही वनमा **Birding Picnic Spot** निर्माण गर्ने कार्यको थालनी गरिने छ।
- पर्यटन प्रवर्द्धनका लागी होम स्टेको नीति प्रवर्द्धन गरिने छ।
- भादा होम स्टेलाई थप प्रवर्द्धन गरि आन्तरिक तथा बाह्य पर्यटकहरुको आकर्षक केन्द्रको रुपमा विकास गरिने छ।
- थारु संग्रहालयको प्रवर्द्धनको कार्यलाई निरन्तरता दिईने छ। यसका लागी थालिएको पूर्वाधार निर्माण छिटो सम्पन्न गरिने छ।
- धनगढी उप–महानगरपालिकाको नेपाल भारत सीमा क्षेत्रमा रहेको गौरीफाँटा नाकामा पर्यटन प्रवर्द्धनका लागी स्थानीय मौलिकतामा आधारित स्वागत द्वार निर्माण गरिने छ।

**उद्योग तथा बाणिज्यतर्फः**

- "सवैको साथ नगरको विकास" नारा लिई समग्र नगरको विकास गर्ने नीति लिईने छ।



Scanned with CamScanner

- धनगढी सिटी हल तथा फूलबारी कोल्ड स्टोरको निर्माण प्रकृया अगाडि बढीसकेकोले हस्तान्तरण भै सके पछि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार संचालनमा ल्याइने छ ।
- बसपार्क टर्मिनल भवनमा एउटा Tourism Information Deskको स्थापना गरिने छ।
- स्वदेश तथा विदेशमा निर्यात हुने उत्पादित वस्तुमा स्थानीय करमा छुट दिने नीति अवलम्बन गरिने छ।
- नगरक्षेत्र भित्र कालोवजारी, एकाधिकार, कृतिम अभाव सृजना गर्ने व्यवसायीलाई कार्वाही गर्न संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी अघि बढिने छ साथै बजार अनुगमनको कार्यलाई तिव्रताका साथ लागु गरिने छ।
- नगरपालिकाको आवश्यकता र प्राथमिकताको आधारमा संघीय सरकारको स्वीकृती लिई आन्तरिक तथा वैदेशीक सहायतालिने नीति अवलम्बन गरिने छ।
- बैदेशीक रोजगार वर्तमान अवस्थामा युवाहरुको बाध्यात्मक रोजाईरहेकाले बैदेशीक रोजगारलाई सुरक्षित, मर्यादित, उपलब्धिमुलक र व्यवस्थित बनाउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ। साथै कोरोना रोगको संक्रमण रोकथाम गर्न समन्वय गरि स्थानीय स्तरमा रोजगारी सृजना गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आत्मसाथ गरिने छ | सुरक्षित आप्रवासनको लागी सुरक्षित आप्रवासन कार्यक्रम अन्तर्गत विभिन्न सचेतना मुलक तालिम संचालन गर्ने नीति लिइने छ।
- कनरी पार्कनजिक जडिवुटी प्रशोधन केन्द्र स्थापना गरि सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तर्गत संचालन गरिनेछ।
- जग्गा विकास कार्यक्रम (Land Pooling)संचालनका लागी जमिनको खोजी गरि सुविधा सम्पन्न आवास योजना कार्यान्वयनका लागी RUDP कार्यक्रम सँग समन्वय गरी उक्त कार्य अगाडि बढाईसकेको र यसलाई निरन्तरता दिईने छ। क्षेत्रिय शहरी विकास कार्यक्रमलाई निरन्तता दिइने नीति लिइएको छ।
- अनधिकृत रुपमा जग्गा Plotting गर्ने कार्यलाई पूर्ण रुपमा निषेध गरिने छ। यसलाई प्रचलित कानून बमोजिम गर्न/गराउन व्यवस्था मिलाईने छ। यसको लागी नक्सा उपशाखा मार्फत नियमन प्रशासनलाई कडाइका रुपमा लागु गरिने छ।
- आ.व.२०७७।०७८ मा एक घर एक सीप कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- गौरीफन्टा नाकाको स्तरोन्नती गर्नका लागी संघीय तथा प्रदेश सरकारसँग आवश्यक सहकार्य गरि कार्य अगाडि बढाईने छ।
- घरेलु तथा साना उद्योग र लघु उद्यम विकास कार्यक्रमलाई प्रवर्द्धन गर्ने नीति लिईने छ। कानून बमोजिम घरेलु तथा साना उद्योगहरुको नियमानुसार दर्ता र नविकरणको व्यवस्था मिलाईने छ।
- गेटा विमानस्थलको आगमनस्थलमा स्वागत गेटको निर्माण गरिने छ।
- स्थानीयतहमा रहेका परम्परागत सीपलाई खोजी गरी प्रवद्धन गर्दै व्यवसायिक र उद्यमशील बनाईने छ।

**कोभिड-१९ को संकटमा नीजिक्षेत्रको प्रभावकारिताका लागी नीतिगत उपायहरु:**

- यस संबेदनशील घडीमा नीजिक्षेत्र असहज अवस्थामा छ | धनगढी उप-महानगरपालिका नीजिक्षेत्रसंग साझेदारीको अवधारण अनुसार अगाडी बढ्ने छ | नीजिक्षेत्रको व्यापार, व्यवशाय, उद्योग, उत्पादन र निर्माणमा हामी सहजकर्ताको रुपमा रहने छौ | यस असहज र संकटको घडीमा व्यवशायीको लागत खर्च कम गर्न भन्सार विन्दुमा सहजीकरण र सरलीकरणको लागी सहजकर्ताको रुपमा काम गर्ने छौँ | नगरपालिकाको आन्तरिक आयमा संकुचन आएकोले राजश्व वृद्धिको लागी करको दर भन्दा दायरा बढाउनमा हाम्रो प्राथमिकता रहने छ | करको दायरा बढाउदा कैलाली उद्योग बाणिज्य संघ र नीजिक्षेत्र संग सम्बन्धित अन्य निकायहरुसंग साझेदारी गरी अगाडी बढीने छ | उद्योगी, व्यापारी र व्यवशायीहरुलाई व्यवशाय गर्नको लागी बैंकिक क्षेत्रबाट सहुलियतपूर्ण कर्जा उपलब्ध गराउन यस उप-महानगरपालिकाले सम्बन्धित निकायसंग आवश्यक पहल कदमी गर्नेछ | नेपाल विश्व व्यापार संगठनको सदस्य भैसकेको र व्यापार उदारीकरणको नीति अबलम्बन गरेकोले नगरपालिका क्षेत्र भित्रको कृषि र गैर कृषि उत्पादनलाई प्रवर्धन गर्न र सहुलियतपूर्ण व्यापार सहजीकरणको लागी पहल गरिने छ | व्यापार सहजीकरण, औद्योगिक उत्पादन र कच्चा पदार्थको आयातमा सहजीकरणको लागी नीजिक्षेत्र लाई विश्वासमा लिई अगाडी बढीने छ |

**सहकारी तर्फ:**



Scanned with CamScanner

- सहकारीहरुलाई उत्पादनमुखी बनाउने नीति लिईएको छ । सहकारी मार्फत गरिवि निवारण गर्ने उद्धेश्यले सबै प्रकारका सहकारीहरुलाई प्रोत्साहन गरिनेछ।
- बचत तथा ऋणको कारोवार गर्ने सहकारी संस्थामा आवद्ध भएका एकल महिला, अति विपन्न र अपाङ्गता भएका शेयर सदस्यहरुलाई स्वरोजगार गराउने उद्धेश्यले क्रमिक रुपमा सहकारी मार्फत त्यस्ता सदस्यहरुलाई सस्तो व्याजदरमा ऋण उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
- सहकारीका सदस्यहरुलाई सुपथ मुल्यमा उपभोग्य बस्तु उपलब्ध गराउनको लागी केही उपभोक्ता सहकारी मार्फत सुपथ मुल्य पसल संचालन गराइनेछ।
- उत्पादन संग जोडीएका सहकारी संस्थाहरुको लागत घटाउने उद्धेश्यले सहकारी संस्था समेतको सहभागितामा Customer Care Center को स्थापना गरिने छ।
- सहकारीहरुलाई व्यवसायिक र सक्षम बनाउन लागतमा सहभागिता हुने गरी मागमा आधारित सीपमुलक तालीमको व्यवस्था गर्न बजेटको व्यवस्था गरिनेछ।
- नयाँ गठन भएका र निष्क्रिय सहकारी संस्थाहरुको लागी विभिन्न किसिमको तालिम दिने व्यवस्था मिलाइने छ।
- COPOMIS (सहकारी तथा गरिवि निवारण सूचना प्रणाली) मा आवद्ध नभएका संस्थालाई उक्त प्रणालीमा आवद्द गराउन विशेष पहल गरिने छ।
- पुँजीको अभावमा निष्क्रिय रहेका सहकारी संस्थाहरुलाई भौगोलिक कार्यक्षत्र र प्रकृतिका आधारमा एकिकरण गरि सक्रिय गराउन तर्फ पहल गरिने छ।
- सहकारी संस्थाको व्यवसायिक कारोवारलाई पारदर्शी बनाउन आवश्यक पहल गरिने छ।
- सहकारी संस्थाहरुको नियमन गर्न सहकारी नियमावली र कार्यविधि बनाई प्रभावकारी ढंगबाट अगाढी बढाईने छ।
- कृषि, पशु सेवा, महिला विकास र स्वास्थ्य शाखाबाट गठन भएका समुहहरुलाई वित्तिय साक्षरता तथा सहकारी सचेतना सम्बन्धी अभिमुखिकरण गरि सहकारीमा आवद्ध हुने वातावरण मिलाइने छ।

**२. सामाजीक विकास तर्फः**

- मानवता र सामाजीक न्याय तथा सदभावको शहर निर्माण गर्न जागरण अभियान सञ्चालन गरिने छ।
- हिंसामा परेका महिलाहरुको सुरक्षालाई मध्यनजर गरी त्यस्ता महिलाहरुका लागी अस्थायी आवासका रुपमा पुनर्स्थापना गृहको स्थापना गरिने छ।
- सम्पूर्ण वडाभित्रको सामाजिक, आर्थिक एवं विकास निर्माणका क्रियाकलापहरु लाई चुस्त दुरुस्त बनाउन टोल विकास संस्थालाई क्रियाशील बनाईने छ।
- नगर क्षेत्रभित्र रहेका श्रमिकहरुको आवश्यकता अनुसार क्षमता अभिबृद्धि गरिने छ।
- आर्थिक, सामाजीक, लैङ्गिक रुपमा पछाडि परेका महिला, वालवालिका, दलित, ज्येष्ठ नागरिकहरुको स्वास्थ्य सुधारमा जोड दिईनेछ।
- सामाजीक परिचालनका माध्यमवाट गरिवी न्यूनीकरणका लागी कार्यक्रम सञ्चालन गर्दै यस क्षेत्रमा सरकारी तथा गैर सरकारी संघ संस्थाहरु बीच कार्यक्रम सञ्चालनमा समन्वय, सहकार्य तथा नियमन गर्ने कार्य गरिनेछ।
- ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्ण जीवनयापन गर्ने व्यवस्थाका लागी सुविधा सम्पन्न ज्येष्ठ नागरिक आश्रम स्थल निर्माण गरिने छ।
- मानसिक तथा बौद्धिक अपाङ्गता भएका ब्यक्ति,कुष्ठरोगी,**HIVAIDS** संक्रमित भएकाहरुका लागी मनोपरामर्शको माध्यामबाट सीपमुलक तालीम आयोजना गर्नुका साथै अपाङ्गता, कुष्ठरोग प्रतिको समाजिक दृष्टिकोणमा परिवर्तन ल्याउन विभिन्न चेतनामुलक कार्यक्रम संचालन गरिने छ।



Scanned with CamScanner

- लागुऔषध नियन्त्रणका लागी आवश्यक पहल गरिने छ। नगरपालिकालाई स्वच्छ र स्वस्थ्य बनाउन लागुऔषध र दुर्व्यसन विरुद्ध सचेतना मुलक कार्यक्रम संचालन गरिने छ।
- युवाहरुलाई स्वरोजगार मुलक तालीम तथा क्षमता विकासका कार्यक्रमहरु संचालन गरिने छ।
- गरीव, विपन्न, दलित, मूश्लिम, खसआर्य, थारु, मधेशी, जनजाती तथा आदिवासी, अल्पसंख्यक र पिछाडिएको वर्ग तथा समुदायका महिलाहरुका लागी लोकसेवा प्रवेश परीक्षाका तयारी कक्षा सञ्चालन गरिने छ।
- लक्षित महिलाको सशक्तिकारणको स्तर हासिल गर्नका लागी महिला विकास कार्यक्रम, बन्चितिमा परेका महिलालाई मूलप्रभाहिकरण, समावेशिकरण र सशक्तिकरण गरी लैंगिक समानता, नेतृत्व विकास, प्रजनन स्वास्थ्य, जीवन उपयोगी शिक्षा, संस्थागत सहभागीताका लागी आवश्यक कार्यक्रम संचालन गरिने छ।
- प्रत्येक वडामा उद्यमी सीप विकास गृहको स्थापना गरि महिला उद्यमी उत्पादनमा विषेश जोड दिईने छ।
- निरपेक्ष गरिबीको रेखामुनि रहेका दलित, मुक्त कमैया, अति विपन्न वर्ग तथा द्वन्द्व पिडित समुदायका लागी सामुहिक आयमुलक तालीम दिई व्यावसायिक बनाउने नीति लिईने छ।
- "वालवालिका, किशोर किशोरीसँग उपमेयर" कार्यक्रम सञ्चालन गरि नगर क्षेत्र भित्रका वालवालिका तथा किशोर किशोरीहरुको क्षमता अभिबृद्धि गर्नुका साथै लागुऔषध, वालविवाह, छुवाछुत जस्ता सामाजीक विकृति तथा कुरीतिको विरुद्धमा सचेतना र जागरण अभियान संचालन गरिनेछ।
- नगरपालिका क्षेत्रमा कार्यक्रम संचालन गर्ने गैह सरकारी (NGO) र अन्तराष्ट्रिय गैह सरकारी (INGO)संस्थाहरुसँग समन्वय गरी नगरसभामा आफ्नो वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न लगाई, संस्था सूचिकृत गर्ने र गै.स.स. द्वारा वार्षिक रुपमा संचालित कार्यक्रमहरुको नियमित अनुगमन तथा मूल्याङ्कन गरिनेछ।
- प्रचलित कानून बमोजिम ध.उ.न.पा.मा संचालन हुने, हुन चाहने र भैरहेका गै.स.सं.हरुलाई अनिवार्य रुपमा नगरपालिकामा दर्ता, नविकरण र नियमन हुन अनिवार्य गरिने छ।
- विदेशबाट फर्केका युवाहरुको सीप प्रमाणीकरण गरी त्यस्ता युवाहरुलाई सम्बन्धित क्षेत्रमा ब्यवसाय सञ्चालन गर्न आवश्यक सहयोग गरिनेछ। कोरोना संक्रमणको जोखिमबाट सुरक्षित हुनकोलागी विदेशबाट समेत आफ्नो जागिर गुमाई आउनु हुने नगरबासी युवाहरुलाई आत्म निर्भर हुने र स्वदेशी कच्चा पदार्थमा आधारित उद्यम व्यवसायको थालनी र विकाशको लागी उत्प्रेरित गरिने छ।
- धनगढी उप–महानगरपालिका क्षेत्र भित्र हुने महिला हिंसा लगायत चेलीवेटी बेचविखन जस्ता गैरन्यायिक कार्यहरुलाई रोक्न विशेष पहल गरिने छ।
- धनगढी उप–महानगरपालिकाको गेटामा रहेको यस.ओ.यस. वालग्राम लगायत पारिवारिक संरक्षणबाट वञ्चित वालवालिकाहरुको संरक्षण गर्ने क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थालाई प्रोत्साहन गरिने छ।
- विभिन्न लक्षित वर्गहरुको क्षमता अभिबृद्धिका लागी क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिने छ।
- आ.व. २०७५।०७६ देखि शुरु भएको किशोर बम विकास पत्रकारिता पुरस्कार रु ५१,०००। लाई निरन्तरता दिईने छ।
- बैदेशीक रोजगारमा जाने नेपाली कामदारहरुको बैदेशीक रोजगार यात्रालाई सुरक्षित र उपलब्धिमुलक बनाउने तथा उनीहरुको कमाई र परिवारको सुरक्षा गर्ने नीति लिईने छ। बैदेशीक रोजगारीमा जानेहरुको तथ्याङ्क संकलन समेत गरिने छ।
- धनगढी उप–महानगरपालिकाको अनलाईन नगर प्रोफायल (**Online Municipal Profile**) तयार गर्न कोभिड-१९ को कारणले ढिलाइ भएकोमा चालु आ.व. २०७७/०७८ को प्रथम चौमासिकमा सम्पन्न गरि विषयगत शाखा/महाशाखाहरु मार्फत कार्यान्वयनमा ल्याइनेछ।

**शिक्षा तर्फः**



Scanned with CamScanner

- विद्यालय उमेरका वालवालिकालाईअनिवार्य तथा निःशुल्क गुणस्तरीय आधारभुत शिक्षाको सुनिश्चितता गर्दै आधारभुत शिक्षा पुरा गरेकालाई माध्यमिक शिक्षाको पँहुच सुनिश्चित गरी सवै प्रकारका वालवालिकालाई विद्यालय शिक्षावाट वञ्चित हुन नपर्ने वातावरण सुनिश्चित गरिने नीति लिईने छ।
- यस धनगढी उप-महानगरपालिका भित्रका **सामुदायिक** विद्यालयमा कार्यरत नीजि शिक्षकहरुको विद्यमान अवस्था, दरबन्दी संरचना र आवश्कता बारे लगत संकलन गरी आवश्यक कार्यविधि र कानून बनाई नगर शिक्षकमा रुपान्तरण गर्ने कार्यलाई अगाडी बढाइने छ|
- "असहाय र विपन्न संग मेयर" कार्यक्रम अन्तरगत सामुदायिक विद्यालयहरुमा अध्ययनरत असहाय र विपन्न वालवालिकालाई मासिक रुपमा स्टेशनरी एवं आवश्यकता अनुसार विद्यालय पोशाक उपलब्ध गराइने छ।
- एक वडा एक नमुना सामुदायिक विद्यालय स्थापना नीति अवलम्बन गर्ने र आ.व.२०७५।०७६ देखिको एउटा विद्यालयको छनौट गरी कार्यक्रमहरु लागु गरिने नीतिलाई निरन्तरता दिईने छ।
- अपाङ्गता भएका वालवालिकाहरुलाई नमूना आवाशीय विद्यालयको स्थापना गर्ने कार्यलाई अगाडी बढाईनुका साथै विद्यालयमा अपाङ्गमैत्री वातावरण सिर्जना गरिने छ।
- माध्यमिक तहका विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा पद्दतिलाई प्राथमिकता दिईने छ।
- सवै सामुदायिक विद्यालयमा अंग्रेजीका अतिरिक्त गणित र विज्ञान विषयलाई समेत अंग्रेजी माध्यममा पढाउने व्यवस्थाका लागी आवश्यक पहल गरिने छ।
- "छात्रामैत्री विद्यालय वातावरण" विशेष कार्यक्रम लागु गरिने छ।
- मेयर कप तथा उप मेयर फूटबल प्रतियोगिताको आयोजना गरिनुका साथै नगरमा खेलकुद क्षेत्रलाई थप प्रभावकारी बनाउने नीति अवलम्बन गरिने छ।
- गुणस्तरीय शिक्षाका लागी तालीम, कार्यशाला गोष्ठी आदिको माध्यमबाट विद्यालयका सरोकारवाला, विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, शिक्षकहरु तथा अभिभावकहरुलाई विषयगत रुपमा क्षमता अभिवृद्धि गरिने छ।
- सबै वालवालिकाहरुलाई विद्यालयको पहुँचमा विस्तार गरी साथै अर्थपूर्ण सिकाईको माध्यमबाट गुणात्मक शिक्षा प्रदान गरिने छ।
- वस्तुनिस्ठ मुल्याङ्कनका विधिहरुको आधारमा सबै प्रकारका विद्यालय स्तरीय परीक्षाहरु व्यवस्थित गरिने छ।
- पाठ्यक्रममा आधारित क्रियाकलाप तथा अतिरिक्त क्रियाकलापको माध्यमबाट वालवालिकाहरुको अन्तरनिहित प्रतिभा प्रष्फुटनको अवसर प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुर्याइने छ।
- सामुदायिक विद्यालय एवं शिक्षण संस्थाहरुको पूर्वाधार विकास एवं कक्षाकोठा शिक्षण सिकाईलाई समयानुकुल थप प्रविधियुक्त एवं प्रभावकारी बनाईने छ।
- सामुदायिक सिकाई केन्द्र मार्फत साक्षर महिला समुह गठनका माध्यमबाट आय आर्जनका कार्यक्रम संचालन गरी शैक्षिक तथा आर्थिक स्तर वृद्धि गरिने छ।
- विद्यालयको पहुच बाहिर रहेका सबै वालवालिकाहरुलाई विद्यालयमा "झिकाउ, टिकाउ र सिकाउ" को नाराको साथ विद्यार्थी भर्ना अभियान संचालन गरीने र अनौपचारिक शिक्षाका थप कक्षा संचालन गरी पूर्ण साक्षर उप–महानगरपालिका घोषणा गरिनेछ।
- विद्यालयहरु बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम वैकल्पिक विधिहरुको प्रयोग गरि सुचारु गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ|
- सामाजीक दुरी कायम गरी विद्यालय संचालन गर्न नेपाल सरकारबाट निर्णय भएको अवस्थामा स्वास्थ्य सम्बन्धि मापदण्ड पालना गरी पठनपाठनलाई नियमित गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण, खानेपानी, शौचालय तथा सरसफाईको प्रवन्ध गर्न आवश्यक बजेट व्यवस्था गरीने छ| प्रदेश सरकार र संघ सरकारसंग समेत बजेट व्यवस्थाको लागी पहल गरिने छ|



Scanned with CamScanner

**स्वास्थ्य तर्फ:**

- "योग गरौं स्वस्थ बनौ" भन्ने नाराका साथमा प्रत्येक वडामा योग शिविर संचालन गरिने छ | प्रत्येक वडामा योग साधना केन्द्रको स्थापना समेत गरिने छ।
- नगरका विद्यालयमा स्वास्थ्य सम्बन्धि शिविरहरु सहित थप अन्य सम्बन्धित कार्यक्रमहरु सञ्चालन गरिने छ।
- धनगढी उप–महानगरपालिकाको सबै वडामा आयुर्वेद स्वास्थ्यकर्मीको व्यवस्थापन तथा आयुर्वेद औषधि निःशुल्क रुपमा उपलब्ध गराईने छ।
- नगरवासीको छिटो छरितो स्वास्थ्य उपचारका लागी दुई वटा एम्बुलेन्स आ.ब.२०७७।०७८ मा खरिद गरी संचालनमा ल्याईने छ।
- हालसम्म गरीव, असहाय तथा आर्थिक अवस्था कमजोर भएका व्यक्तिलाई निःशुल्क रगत उपलब्ध गराउदै आएकोमा सो कार्यलाई निरन्तरता दिईने छ। निःशुल्क रगत बितरण कार्यलाई प्रभावकारी बनाउन रगत दातालाई रेडक्रसको सिफारिसमा फलफूलको जुस वितरण गर्ने जस्ता कार्यलाई निरन्तरता दिईने छ।
- महिला स्वास्थ्यको संवेदनशीलतालाई ध्यानमा राखी नगरका विभिन्न वडाहरुमा स्वास्थ्य सम्बन्धि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने नीति अवलम्वन गरिने छ | समय समयमा विशेषज्ञ सहितको स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने नीति लिइएको छ।
- संविधानका उल्लिखित मौलिक अधिकारका रुपमा रहेका स्वास्थ्य सम्वन्धि अधिकारलाई सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवाहरु सबै नगरवासीमा पुर्याइने छ।
- नगरपालिका क्षेत्र भित्र रहेका विभिन्न स्वास्थ्य केन्द्र तथा अस्पतालहरुमा **Electronic Medical Record (EMR)** प्रणाली लागु गरिने छ।
- थारु जातिमा देखिने सिकलसेल इनिमिया रोगको पहिचान गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरी त्यस किसिमका बिरामीका लागी औषधी उपचारको व्यवस्थामा निरन्तरता दिईने छ।
- स्वास्थ्य बीमा योजना कार्यक्रमलाई थप ब्यवस्थित गरी पूर्ण रुपमा बीमा कार्यक्रम संचालन गरिने छ।
- जनस्वास्थ्य प्रवर्द्धनका लागी महिला स्वयं सेविकाहरुलाई थप परिचालन र व्यवस्थित गर्न आवश्यक सुविधामा बृद्धी गरिने छ।
- आधारभूत स्वास्थ्य सेवा सम्पूर्ण वडाहरुमा पुर्याइने छ।
- थप शहरी स्वास्थ्य केन्द्रहरुको स्थापना तथा सञ्चालन गरिने छ।
- वेली शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा कुपोषण व्यवस्थापन कार्यलाई निरन्तरता दिईने छ।
- स्वास्थ्य संस्थाहरुमा आर्थिक तथा सामाजीक लेखापरीक्षणलाई निरन्तरता दिइने छ।
- गाउँघर क्लिनिक स्थापना तथा सञ्चालनलाई निरन्तरता दिइने छ।
- वेली शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रमा भिडीयो एक्सरे सहितको बर्थिङ सेन्टर स्थापना तथा सञ्चालन गरिने छ।
- समयमा नै औषधि तथा खोपको आपूर्ति व्यवस्थाको सुनिश्चितता गरिने छ।
- कैलाली भन्सारको गौरीफन्टा नाकामा हेल्थ डेस्कको स्थापना गरी औलो तथा एच.आई.भि.को रगत परीक्षण लगायत अन्य स्वास्थ्य सेवाको सेवा प्रवाहलाई निरन्तरता दिइने छ।
- घनावस्ती भएको शहरी वस्तीमा थप १ वटा शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना गरिने छ।
- हरेक वडामा कम्तिमा १ वटा कुपोषण व्यवस्थापन केन्द्रको स्थापना तथा संचालन गरिने छ।
- स्थानीय तहको स्वास्थ्य शाखामा भ्याक्सिन तथा औषधी भण्डारण कक्षको व्यवस्थापन गरिने छ।



Scanned with CamScanner

- स्वास्थ्य शाखामा दरबन्दि बमोजिमको स्वास्थ्य कर्मीको व्यवस्था गरिने छ।
- जनप्रतिनिधी र स्वास्थ्य शाखासँग समन्वयको व्यवस्था मिलाईने छ।
- स्वास्थ्य कर्मीहरुका लागी विभिन्न तालीमको व्यवस्था गरिने छ।
- आवश्यक स्वास्थ्य सम्बन्धि उपकरण तथा अन्य भौतिक सामाग्री तथा रेकर्डिङ, रिपोर्टिङको अभाव तथा समस्या तथा बिजुली, वत्ती, खानेपानी तथा ईन्टरनेट, ई.रिपोर्टिङको समस्या समाधानको लागी आवश्यक पहल गरिने छ।
- आवश्यक औषधि खरिद प्रकृयामा सरलीकरण गरी औषधि आपूर्ति व्यवस्थालाई सुनिश्चित गरिने छ।
- स्वास्थ्य कार्यक्रम सहज रुपमा सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईने छ।
- निरन्तर रुपमा स्वास्थ्य संस्थाहरुको अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था मिलाईनेछ।
- स्वास्थ्य शाखालाई भौतिक सामाग्री सहित लजिष्टिक सपोर्टको व्यवस्था मिलाईने छ।
- पूर्णखोप नगरपालिका तथा वडा घोषणा कार्यक्रमका लागी बजेट तथा कार्यान्वयनको लागी स्थानीय स्तरको अगुवाईलाई सुनिश्चित गरिने छ।
- स्वास्थ्य कार्यक्रम सञ्चालनमा नेपाल सरकारको अनुदान तथा उप–महानगरपालिकाबाट बिनियोजित बजेट सहज रुपमा उपलब्ध गराई कार्यक्रम सम्पन्न गर्न आवश्यक सहजीकरण गरिने छ।
- धनगढी उप–महानगरपालिकामा वसोवास गर्ने आम नगरवासीको दीगो स्वास्थ्य व्यवस्थाको लागी विभिन्न सर्ने र नसर्ने रोगहरुको पहिचान गरी निदान गर्न प्राविधिकहरु कार्यक्षेत्रमा खटाई अध्ययन, अनुसन्धान गर्न लगाईने छ।
- औषधी भण्डारण व्यवस्थाको लागीआवश्यक पहल गरिने छ।
- स्वास्थ्य सम्वन्धित फोहोर उत्सर्जनको उचित प्रबन्धको लागी आवश्यक नीति तय गरिने छ। स्वास्थ्य उपचार तथा स्वास्थ्य क्षेत्रबाट उत्सर्जन भएको फोहोर व्यवस्थापनको लागी तालीमको व्यवस्था गरिने छ। नगरपालिकामा संचालित नीजि क्षेत्रका अस्पतालहरुलाई फोहोर व्यवस्थापनकोलागी कार्ययोजना माग गरिने छ। यो व्यवस्था नीजि स्वास्थ्य क्लिनिक र सरकारी क्षेत्रका अस्पतालहरुलाई समेत लागु गरिने छ।
- नीजि क्षेत्रका अस्पताल तथा फार्मेसीहरुको नियमन, दर्ता तथा नविकरणको लागी प्रचलित कानूनमा भएको व्यवस्था कार्यान्वयन गर्न कडाई गरिने छ।
- नीजि अस्पताल दर्ता, नविकरण र नियमनकोलागी स्थानीय सरकारलाई प्राप्त जिम्मेवारीका बारे स्पष्ट हुन प्रदेश सरकार र संघ सरकारसँग समेत आवश्यक समन्वय गरिने छ।
- समाजमा देखिएको छिटो विवाह गर्ने र छिटो बच्चा जन्माउने समस्यालाई समाधान गर्नकोलागी जनचेतनामुलक कार्यक्रम एवं जनसंख्या शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइने छ।
- वृद्ध वृद्धाको मानसिक र शारीरिक स्वास्थ्यको लागी आवश्यक तालीम कार्यक्रम, स्वास्थ्य शिविर संचालन गरिने छ।
- नगरपालिका क्षेत्रभित्रका मानव स्वास्थ्यमा लागेको टि.बि. रोग, कुष्ठ रोग जस्ता समस्या पहिचान गरी निदानकोलागी आवश्यक व्यवस्था गरिने छ।
- समाजमा व्याप्त वाल कुपोषण, महिलाहरुको रक्त अल्पता, नसर्ने रोगहरुको व्यापकता, प्रजनन स्वास्थ्य लगायतका क्षेत्रमा नगरपालिकाको बिशेष ध्यान दृष्टि पुग्ने छ। सो का लागी आवश्यकता अनुसार बजेट बिनियोजन गरी कार्यक्रमहरु सञ्चालन गरिने छ।
- कोभिड-१९ बाट सृजित संकट संक्रमण जोखिम रहदासम्म अशक्त, अशाहाय एवं आर्थिक रुपले विपन्न गर्भवती महिला, जेष्ठ नागरिक एवं अपाङ्गता भएका व्यक्तिहरुलाई राहत कार्यक्रम संचालन गर्ने गरी बजेटको व्यवस्था गरिने छ|
- कोभिड-१९ रोग नियन्त्रण, व्यावस्थापन र रोगथाममा खटिने स्वास्थ्यकर्मी तथा जनशक्तिलाई स्वास्थ्य सुरक्षा सामाग्री (मास्क, पञ्जा, सेनिटाइजर, पीपीइ) को अभाव नहुने गरि बजेट व्यवस्था गरिनेछ|



Scanned with CamScanner

- कोभिड-१९ रोग संक्रमणको सम्भावित जोखिम रहेका नागरिकहरुलाई नेपाल सकारले तोके बमोजिम क्वारेन्टिन (Quarantine) मा राख्ने व्यवस्था गरिनेछ। यस्तो व्यवस्था गर्दा आवश्यकता अनुसार छिमेकी स्थानीय तहहरुसंग समेत समन्वय गरिने छ।

संस्कृति प्रवर्द्धन तर्फः

- नगर क्षेत्र भित्रका ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको संरक्षण तथा विकासमा जोड दिने नीतिलाई निरन्तरता दिईनेछ।
- बहुल संस्कृति एवं सम्पदाहरुको संरक्षण, मौलिक संस्कृतिको जगेर्ना, सांस्कृतिक पर्यटन प्रवर्द्धन र सबै समुदायको धार्मिक एवं सांस्कृतिक मुल्य मान्यताको अभिबृद्धि गर्ने वातावरणको सिर्जना गर्ने नीति लिईने छ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नगरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीतिलाई निरन्तरता दिइने छ।

३. पूर्वाधार विकास तर्फः

- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागी मर्मत सम्भार कोषको व्यवस्था गरिएको छ। निर्माण भैसकेका सडकहरुको स्तरोन्नती गर्दै लगिने कार्यलाई निरन्तता दिइने छ।
- बिशेष गरी शहरी क्षेत्रमा सडक निर्माण गर्दा सर्बप्रथम पक्की नाली निर्माण गरेर मात्र कालोपत्रे सडक निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ। फुटपाथ सहितको शहरी सडकको निर्माण गर्ने कार्यको थालनी गरिने छ।
- उपभोक्ता समिति मार्फत निर्माण हुने आयोजनाहरुमा कालोपत्रे तथा पक्की सडक निर्माण तथा मर्मत कार्यमा जनसहभागिताको लागत साझेदारीको अनुपात ८०:२० अनुसार कार्य गरिने छ।ग्राभेल, माटो फिलिङ्ग जस्ता कार्यमा ७०:३० र तटबन्धन, ईट्टा, ढुङ्गाबाट भवन निर्माणमा जनसहभागिता लागत साझेदारी ९०:१० को अनुपातमा गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- नगर यातायात गुरुयोजना **Municipal Transportation Master Plan (MTMP)** अनुसार सडक सञ्जाल **(Network)** को विस्तार गर्दै लगिने छ।
- उप–महानगरपालिका क्षेत्र भित्र चक्रपथ निर्माणलाई प्राथमिकता दिनुका साथै **MTMP** मा परेका मुख्य सडकहरुको विस्तार एवं स्तरोन्नती गरिने कार्यलाई निरन्तरता दिदै सुविधा सम्पन्न नगर यातायात सेवाका लागी नगर बस सेवा सञ्चालनः विद्युतिय बस सेवा सञ्चालनका लागी आवश्यक पहल गरिने छ।
- धनगढी उप–महानगरपालिका नगर कार्यपालिका कार्यालयले प्रदान गर्ने सेवा सुविधालाई चुस्त दुरुस्त तथा प्रभावकारी सेवा प्रदान गर्न हालको संगठन संरचना अनुसार कार्यकक्षको अभाव भएकोले सुविधा सम्पन्न कार्यालय भवन निर्माण आ.व. ०७७।०७८ सम्म सम्पन्न गरिने छ। नगरपालिकाका वडा कार्यालयका भवन क्रमशः निर्माण गर्ने नीति अनुरुप २०७७।७८ मा थप सात वटा वडा कार्यालयको भवनको निर्माण गरिने छ।
- एकिकृत शहरी विकास योजनाको कार्यलाई निरन्तरता दिईने छ।
- एकीकृत भू-उपयोग नीति अन्तर्गत मुक्त कमैया, सुकुम्बासी र अव्यवस्थितरुपमा बसोबास गर्दै आइरहेका व्यक्तिहरुको लगत संकलन गरिने छ भने नगर भित्रको सार्वजनिक, सरकारी, प्रति जग्गाको अभिलेखीकरण गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइने छ।
- वडा नं. ३ को चटकपुर र विशालनगरको बीचमा रहेको नेतुवा तालमा **water park** निर्माण कार्यको **Detail Project Report (DPR)** तयार भै सकेकोले **(DPR)** अनुसारको कार्यलाई अगाडी बढाईने छ।
- भू–उपयोग नीति अवलम्बन गर्दै नगरपालिका क्षेत्रमा रहेका अव्यवस्थित वसोवासलाई व्यवस्थित गर्ने कार्यको थालनी गरिने छ।
- धनगढी उप–महानगरपालिकाको सबै वडाहरुमा स्वच्छ खानेपानी पुर्याइने छ।



Scanned with CamScanner

- अपाङ्गमैत्री भवन निर्माण,वालमैत्री भवन निर्माण र **Child Care Center** वनाउन आवश्यक पहल गरिनुका साथै शिशुलाई स्तनपान गृहको व्यवस्था सहितको भवन निर्माण गर्ने नीतिलाई निरन्तता दिइने छ।
- १० लाख भन्दा कम लागतका योजनाहरुको सम्झौता, जाँचपास र फरफारक गर्ने काम वडा कार्यालयबाटै हुने व्यवस्था लाई निरन्तरता दिइने छ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै सम्पादन गर्न स्वीकृत योजना बमोजिम त्यसको ठेक्का बन्दोबस्त गर्ने कार्यलाई व्यवस्थित तथा पारदर्शी बनाउने,कार्यसम्पादन नगरी ठेक्का अवधि लम्ब्याउने,शुरुको स्वीकृत रकममा अनावश्यक थप ब्यय भार पार्ने र अन्त्यमा विभिन्न बहानामा कार्यसम्पादन नहुने प्रवृतिको अन्त्य गर्ने ब्यवस्था मिलाईने छ।
- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई, निर्माण कर्मिलाई भवन निर्माण सम्बन्धी तालिम प्रदान गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- सार्वजनिक विकास निर्माणको कार्यलाई समय भित्रै कार्य सम्पादन नगर्ने निर्माण ब्यवसायीलाई कार्यविधि बनाई साविकको काम सम्पन्न गरेर मात्र थप नयाँ काममा सहभागी हुने व्यवस्था मिलाईने छ।
- यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा सौर्य उर्जा प्रविधि तथा वर्षाको पानी संकलन प्रविधि जडान गर्नका लागी प्रोत्साहन गरिने छ।
- नगरपालिका क्षेत्रभित्र बन्ने प्रत्येक सार्वजनिक तथा सरकारी भवनलाई अपाङ्गमैत्री, वालमैत्री बनाउनुका साथै बनी सकेका भवनहरुमा पनि अपाङ्ग मैत्री,बाल मैत्री बनाउन प्रोत्साहन गरिने छ।
- धनगढी उप–महानगरपालिकाका कच्ची सडकहरुलाई ग्रावेल सडक सहित खाल्डा खुल्डी रहित उप–महानगरको परिकल्पना सहितका कार्यलाई निरन्तता दिइने छ।
- नगर क्षेत्रभित्र सडक किनारामा रहेका नीजि स्वामित्वका भौतिक संरचनाहरुको केही भाग सडक विस्तारका क्रममा सडकको अधिकार क्षेत्र भित्र पर्न गएको खण्डमा स्वयं घरधनीले भौतिक संरचनाहरु भत्काएमा उक्त घर धनीको घर नक्सापास शुल्क तथा सम्पत्तिकर मिनाहा गरिने छ। त्यस्ता घर धनीहरुको सम्मान सहीत घरको मोहडामा हरित रङरोगन समेत गरिदिने व्यवस्थालाई निरन्तरता दिईएको छ।
- धनगढीको गेटामा रहेको विमानस्थललाई अन्तर्राष्ट्रिय विमानस्थलका रुपमा निर्माण तथा सञ्चालन गर्न संघीय सरकार तथा प्रादेशिक सरकारसँग आवश्यक पहललाई निरन्तरता दिईने छ।
- संघीय सरकार तथा प्रादेशिक सरकारसँग समन्वय गरी धनगढी स्थित फाप्ला क्रिकेट मैदानलाई अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदान वनाउन पहल गरिने छ।
- धनगढी उप–महानगरपालिकाका सम्पूर्ण वडाहरुमा वालविकास केन्द्र स्थापना गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तह सम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।
- योजनाहरुको कार्यान्वियन तथा व्यवस्थापन प्रणाली व्यवस्थित बनाउनका लागी उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्व नै आवश्यक तालीम प्रदान गर्ने कार्यलाई निरतन्तरता दिईने छ।
- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय तथा वडा कार्यालयहरुलाई स्रोत साधनले सम्पन्न गरिने छ ।
- एक वडा एक खेल मैदानको अवधारणा लाई निरन्तरता दिइने छ।
- नयाँ बसपार्क निर्माणका लागी जगाको व्यावस्थापन गरी प्रकृया अगाडी बढाइने छ।
- ५० लाख भन्दा ठूला आयोजनाहरुको आवश्यक **Material** तथा कार्यको **Lab Test** गर्ने व्यवस्थालाई निरन्तता दिइने छ ।

- ५० लाख भन्दा ठूला आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन भएमा अन्तिम भुक्तानी दिदा ५% उ.म.न.पा. अनुदानबाट र ५% उपभोक्ताको सहभागिताबाट कट्टा गरी घरौटी स्वरुप खातामा रोक्का राखि मर्मत सम्भार अवधि पछि मात्र फुकुवा गरिने छ।
- नगर यातायात गुरु योजना Municipal Transportation Master Plan (MTMP) लाई अद्यावधिक गर्ने र नगर यातायात गुरु योजना (MTMP) अनुसार सबै वडाहरुलाई सडक अधिकार क्षेत्र र भवन निर्माण मापदण्ड सम्बन्धी अभिमुखिकरण गरिने छ।
- उपभोक्ता समिति गठन गर्दा प्रत्येक आ.व.मा लगातार एउटै व्यक्ति उपभोक्ता समितिको अध्यक्ष हुन नपाउने व्यवस्थालाई निरन्तता दिइने छ।
- उपभोक्ता समिति गठन गर्दा निर्माण व्यवसायी, वहालवाला शिक्षक, वहालवाला कर्मचारी, जनप्रतिनिधीहरुलाई उपभोक्ता समितिका पदाधिकारीमा राख्न नपाउने व्यवस्था कडाइका साथ लागु गरिने छ।
- नगर स्तरीय, प्रादेशिक एवं संघीय बजेटबाट स्विकृत हुने सडक आयोजनाहरुमा सडक मापदण्ड कम्तीमा ६ मीटरको हुने व्यवस्था लागु गरिने छ। लागत सहभागिताको हकमा तपशिल बमोजिमको मापदण्ड कायम गरिने छ।
- ढुङ्गा जोडाई, ईट्टा जोडाई, सिमेन्ट कंक्रीट जस्ता काममा १०%
- कालोपत्रे सडक कंक्रीट सडक ग्याविन कार्य निर्माणमा २०%
- माटो भर्ने, काट्ने, ग्रेभल गर्ने जस्ता कार्यहरुमा ३०%
- कालोपत्रे सडकहरुको डिजाईन/ईष्टिमेट गर्दा ट्राफिक भार क्षमतालाई आधार मानी सडकको बर्गीकरण गरिने छ। यो कार्यका लागी **Refrence** को रुपमा नगर यातायत गुरु योजना (MTMP) लाई आधार लिइने छ।
- नगर स्तरीय योजना छनौट गर्दा क्रमागत योजनालाई पहिलो प्राथमिकता दिइने छ। सडक योजनाको हकमा **MTMP** लाई बिशेष प्राथमिकतामा राखिने छ। टिपर र लोडर सञ्चालन गर्न गठन भएको टीप्पर सञ्चालन उप समितिको कार्यलाई थप प्रभावकारी बनाइने छ।
- लागत सहभागितामा आधारित विकास कार्यक्रमको व्यवस्था गरी साना पूर्वाधारका कार्यक्रमहरुको कार्यान्वयनका लागी कार्यविधि बनाई सञ्चालन गरिने छ।
- कार्यविधिको आधारमा निम्न योजना सञ्चालनमा सहजीकरण गरिने नीति लिईने छ।
- छुटेका योजना
- वर्षको बीचमा अपुग हुने योजना
- श्रोत परिचालन भै आएका योजना
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद र धनगढी उप–महानगरपालिका धनगढी, कैलालीको साझेदारी मोडलमा निम्न उल्लिखित कार्यक्रमहरु आ.व. २०७७।०७८ मा निरन्तरता दिइने छ।
- तपशिल:
    - तीन वर्षे वनविज्ञान सम्बन्धि अध्ययन
    - तीन वर्षे कम्प्यूटर ईन्जिनियरिङ्ग अध्ययन

## ४. वन वातावरण तथा विपद् व्यवस्थापन र विशेष परिस्थितीको खरिद प्रशासन सम्बन्धमा

- नगरको वातावरण स्वच्छताका लागी गत वर्ष १५ हजार बोटबिरुवा रोप्ने कार्य सम्पन्न भैसकेको छ। आगामी आ.ब.मा विभिन्न जातका १५०,०००(एक लाख पचासहजार) बोटविरुवाहरु रोप्ने कार्यक्रम अगाडी वढाईने छ।
- नगर क्षेत्र भित्रका मुख्य सडकहरुको दायाँ वांया हरियाली एवं सौन्दर्य बढाउन वृक्षारोपण तथा संरक्षण गर्ने कार्यलाई निरन्तरता दिईने छ।



Scanned with CamScanner

- घरबाट निस्किने जैविक फोहोरबाट जैविक उर्जा तथा मल उत्पादन कार्यक्रमलाई निरन्तरता दिईने छ।
- खोलानालाको किनारामा भएको अतिक्रमण हटाई खाली जग्गामा साईकल पथ तथा हरियाली पार्क निर्माण कार्यको थालनी गरिने छ।
- धनगढी उप-महानगरपालिका अन्तर्गत वडा नं. ४, ५, ६, १३ को मानव वस्तीको विचमा पर्ने ऐलानी, प्रति, सार्वजनिक जग्गामा रहेको वनलाई वृहद धनगढी पार्क निर्माणका लागी **Detail Project Report (DPR)**तयार गरी अगाडी बढाइने छ।
- यस उप-महानगरपालिका ग्रामीण क्षेत्रहरुमा जैविक ग्यासको सान्दर्भिकता सम्वन्धि जनचेतनालाई जगाई गोवर ग्यास प्लान्टमा अनुदानको व्यवस्था गरिने छ।
- मुख्य शहरी क्षेत्रलाई सुन्दर र व्यवस्थित गर्नका लागी पार्किङ्ग स्थलको व्यवस्था गर्न ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईने छ। नगरका दुई वटा स्थानमा पार्किङ्ग स्थलको थालनी गरिएकोमा अन्य स्थानमा समेत पार्किङ्ग स्थलको निर्माण गर्ने कार्य थालनी गरिने छ।
- बिभिन्न वडामा नदी कटान रोकन जैविक तटबन्धनको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिईने छ।
- फोहर प्रशोधन केन्द्रका लागी आवश्यक जग्गा खरिद गरी क्षेत्रीय शहरी विकास आयोजनाको सहयोगमा उक्त प्रशोधन केन्द्रको निर्माण कार्यलाई अगाडी बढाईने छ। यसको लागी नगरपालिकाबाट निरन्तर फलोअप गरिने छ|
- धनगढी उप-महानगरपालिका क्षेत्रभित्र चिडिया घर निर्माण गर्ने कार्यका लागी सम्भाव्यता अध्ययन गरिने छ।
- धनगढी उप-महानगरपालिका क्षेत्र भित्र प्राकृतिक प्रकोप तथा विपत व्यवस्थापनका लागी विपत व्यवस्थापन सम्वन्धि गुरुयोजना २०७० अनुसार कार्य गरिने छ। यसको लागी आवश्यक्ता अनुसार कार्यपालिकाबाट कार्यविधि समेत बनाई सकिएकोले सो अनुसार अगाडि बढिने छ।
- धनगढी उप-महानगरपालिका भित्र आपतकालिन विपद व्यवस्थापन केन्द्र स्थापना गर्न (**Emergency Operation Center**) स्थानको पहिचान गरी कार्यान्वयनमा ल्याईने छ।
- सबै वडाहरुमा अनिवार्यरुपमा विपद व्यवस्थापन कोषको स्थापना गरी कोष सञ्चालन ल्याईएकोमा यसलाई निरन्तरता दिईने छ।
- प्राकृतिक विपद तथा संकट व्यावस्थापनका लागी संस्थागत संरचना र प्रविधिमैत्री बनाइने छ।
- देश २०७६/१२/११ देखि हाल सम्म पनि कोभिड -१९ रोग संक्रमणको जोखिमले बन्दाबन्दीको अवस्थामा छ | यस बन्दाबन्दीमा नगरपालिकाको कार्यपालिका बैठकले राहत वितरण मापदण्ड २०७६ स्वीकृत गरि सोका आधारमा नगर कार्यपालिका बैठकले खाद्य सामग्री दरेट तोकी स्वीकृत मापदण्ड अनुसार राहत सामाग्री उपलब्ध गराएको छ | राहत वितरणको लागी स्वीकृत मापदण्डलाई पालना गरी यसका आधारमा न.पा. ले खरिद प्रशासन गरकोले सम्पूर्ण कार्यको समर्थनको लागी नगर-सभा समक्ष पेश गरेको छु।

## ५. सुशासन तथा संस्थागत विकास तर्फः

**मानव संसाधन विकास तर्फः**

- कर्मचारीहरुको मनोबल उच्च राख्न तथा उनीहरुको कार्यको प्रोत्साहन गर्न कार्य सम्पादनका आधारमा पुरस्कृत गरिने नीतिलाई निरन्तरता दिईने छ।
- जनप्रतिनिधि पदाधिकारीहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागी विभिन्न तालीमहरु तथा अभिमुखीकरण कार्यक्रमहरुलाई निरन्तारता दिईने छ।
- नगर प्रहरी परिचालन तथा व्यवस्थापन सम्बन्धि आवश्यक कार्यविधि बनाई लागु गरिने छ|
- निर्वाचित जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई विकास निर्माणका कार्य लगायत अन्य प्रशासनिक कार्यको अनुभव आदान प्रदान गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अवलोकन भ्रमणको व्यवस्था गरिने छ।



Scanned with CamScanner

- स्थानीय तहमा कार्यरत कर्मचारीहरुलाई नेपालको संविधान बमोजिम प्रदेश सरकार मार्फत ऐन तर्जुमा गर्न लगाई स्थानीय तहमा लामो समय देखि कार्यरत स्थायी कर्मचारीहरुको वृत्ति विकाश गरि राष्ट्रसेवकहरुको मनोबल उच्च गारिने छ ।
- नगरपालिकाबाट संचालन हुने सीप विकास, क्षमता विकास र नेतृत्व विकास जस्ता मानव संसाधन विकासका तालीमहरु संचालन गर्दा पूर्ण रुपमा तालीमको उपादयेता, गुणस्तरीयता प्रति ख्याल गरिने छ । तालीम तालीमका लागी मात्र नभै यसको विशेषज्ञ र प्रभाव अध्ययनको आधारमा तालीम कार्यक्रम संचालन गरिने छ ।
- ठोस कार्यको लागी ठोस उद्देश्य प्राप्ति हुने तालीमहरु सञ्चालन गरिने छ । कर्मचारी, जनप्रतिनिधि र लक्षित समुहहरुलाई सीप विकास तालिम, व्यवस्थापकिय र नेतृत्व विकास तालीम उपलब्ध गराईने नीति लिईएको छ ।
- तालीमको गुणस्तरीयताको विश्वशनीयताका लागी तेश्रो पक्षबाट गुणस्तरीयता परीक्षणको व्यवस्था मिलाईने छ ।

• अन्तर्राष्ट्रिय र राष्ट्रिय गैर-सरकारी संघ/संस्थाहरुसंग सहकार्य गरि संस्थागत सुशासन र मानव संसाधनको क्षमता विकासका लागी अगाडी बढिने छ।

**प्रशासन सुधार तर्फः**

- संघीय मामिला तथा सामन्य प्रशासन मन्त्रालयको अस्थायी दरबन्दि संरचनाको आधारमा यस धनगढी उप-महानगरपालिकामा महाशाखा, शाखाहरुको संरचना खडा गरिने छ ।
- कर्मचारी प्रशासनलाई चुस्त, दुरुस्त बनाउनका साथसाथै समयसापेक्ष बनाउन बहुसीपयुक्त जनशक्ति तयार गर्ने नीति लिईने छ ।
- स्थानीय सरकारको समग्र प्रशासन सुधार तथा समय सापेक्ष निकासका लागी नेपाल सरकारले जारी गरेका सबै प्रशासन सुधार आयोगका सुझावहरुलाई स्थानीय स्तरमा आन्तरीकरण गरी कार्यान्वयन गरिने छ ।
- **Organizational Chart** अनुसार कर्मचारीहरुको व्यवस्थापन गरी समग्र प्रशासन सेवा छिटो छरितो गर्दै जाने रणनीति सुनिश्चित गरिने छ ।
- सेवा करारमा कार्यरत कर्मचारीहरुको प्रकृतिहेरी सेवा सुविधामा एकरुपता गरी सेवा प्रवाहलाई सरल र गुणस्तरीय बनाइने छ ।
- सदाचार नीतिलाई प्रवद्धन गरिने छ । जनता नै जनार्दन भन्ने मूल मन्त्रलाई आत्मसाथ गरी भ्रष्टाचार निर्मुल गर्न शुन्य सहनशिलताको नीति अवलम्बन गरिने छ ।
- कर्मचारीलाइ थप अतिरिक्त प्रोत्साहन दिने सम्बन्धमा नेपाल सरकारको नीति अनुसार गरिनेछ।
- प्रत्येक वडालाई वडा प्रशासन संचालन गर्नको लागी आगामी आर्थिक वर्ष २०७७/०७८ मा रु. ५ लाखको दरले प्रशासनिक अनुदान उपलब्ध गराईने नीति लिइने छ।

**संस्थागत क्षमता विकासतर्फः**

- "न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो" भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै धनगढी उप-महानगरपालिकाको न्यायिक समितिबाट छिटो छरितो र सर्वशुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईने छ ।
- नेपालको संविधानको धारा २१७ बाट प्रदत्त स्थानीयतहको न्यायिक अधिकार अन्तर्गत धनगढी उप-महानगरपालिकाको न्याय प्रणालीलाई स्वतन्त्र, निष्पक्ष, पारदर्शी, पहुँच योग्य, सक्षम एवं विश्वोशनिय बनाईने छ।
- धनगढी उप-महानगरपालिका बाट हुने न्यायिक कामकाजलाई प्रविधि संग आवद्ध गरी व्यवस्थित गरिने छ।
- मेलमिलाप हुने प्राकृतिकविवादहरुलाई वडा स्तरका मेलमिलाप केन्द्रबाट निरुपण गर्ने व्यवस्थालाइ प्रभावकारी बनाईने छ।

६. **उपभोक्ता हित संरक्षण तथा बजार अनुगमनः**

- विभिन्न पेशा व्यावसायीहरुलाई ऐन कानूनका विषयमा जानकारी गराईने छ।
- प्रत्यक महीना कम्तीमा चार पटक बजार अनुमान गरिने छ ।
- उपभोक्ताहरुलाई चेतनामुलक कार्यक्रम सन्चालन गरिने छ ।



Scanned with CamScanner

- वजार अनुगमनको माध्यमबाट स्थानीय तहमा व्यावशाय दर्ता गरी/गर्न लगाई आन्तरीक आय बढोत्तरीमा पहल गरिने छ।
- खाद्य प्रविधि तथा गुणनियन्त्रण विषयका विशेषज्ञ सहितको बजार अनुगमनलाई निरन्तरता दिइने छ।

**७. आन्तरीक लेखापरीक्षण र वित्तिय सुशासन:**

- पुँजीगत शिर्षक तर्फको बजेटको आ.ले.प. गरिने छ।
- चौमासिक रुपमा आन्तिरक लेखा परिक्षण गरि प्रतिवेदन पेश गरिने छ।
- लेखापरीक्षण सम्बन्धमा विद्यमान प्रावधानका वारेमा सरोकारवालाहरुलाई अनुशिक्षण दिइने छ ।

**८. राजश्वपरिचालन तर्फ:**

आदरणीय नगरसभाका अध्यक्ष ज्यू, नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरु,

कोभिड-१९ को संक्रमणका कारणले आर्थिक, मानवीय र स्वास्थ्यमा संकटका कारणले सिथिल भएको आर्थिक क्रियाकलापलाई पुनःगतिशिल बनाउन आर्थिक गतिविधि बढाउने, उधोग, व्यापार, कृषिमा लगानी बढाउन सहयोग पुग्ने गरी लगानी मैत्री वातावरण निर्माण गरी छुट र सहुलियत प्रदान गर्ने गरी करदाता, आम नागरिक र लगानी कर्ताले अपेक्षा गरेको व्यवहारिक कर प्रणालीलाई आत्मसाथ गर्दै आ.व. २०७७/०७८ को राजश्व परिचालन सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- स्थानीय तहको वित्तिय अधिकार सम्बन्धी व्यवस्थाको पूर्णरुपमा पालना गर्दै बित्तिय प्रशासन सुधारका लागी व्यावसायिक, दक्ष र सुदृढ प्रशासनको विकास गर्ने र राजश्व परिचालनका दायरा वढाउन राजश्व सम्बन्धि अध्ययन गरिने छ। करका दायरा फराकिलो गरी न्युनतम करको दरबाट बढी राजश्व संकलन गर्ने नीति लिईने छ।
- यस उप-महानगरपालिकाको स्वामित्वमा रहेका भवनहरुमा भाडामा व्यवसाय संचालन गर्दै आईरहेका व्यवसायीहरुलाई घर भाडा बापत तीन महिनाको भाडा दरमा ५० % छुट दिइएको छ।
- उत्पादनमुलक तथा व्यवसायिक, निर्माण र अन्य कुनै पनि आर्थिक क्रियाकलापमा सहयोग पुग्ने गरी स्थानीय तहबाट प्रदान गरिने ईजाजत तथा दर्ता प्रणालीलाई सरल रुपमा प्रदान गरिने छ।
- मनोरन्जन करलाई आ.व. २०७७/०७८ देखि नियमित र व्यवस्थितरुपमा संकलन गर्न बिक्री भएको टिकटको आधारमा मनोरन्जन कर लिने नीति अंगिकार गरिने छ। विगत वर्षहरुको मनोरन्जन कर पनि यही प्रणाली बाट असुल उपर गरी मनोरन्जन करको बक्यौता उठाईने छ।
- घर वहाल कर संकलन गर्न आन्तरिक राजश्व कार्यालयसँग समन्वय र सहकार्य गरी दुबैको सहयोगमा आन्तरिक राजश्व कार्यालयमा सहायता कक्ष स्थापना गरि घरवहाल कर उठाउने कार्यलाई व्यवसायिक कर उठाउने प्रणालीसंग आवद्ध गरिने छ।आगामी आ.व. मा घर वहाल कर १० प्रतिशत मात्र लिईने छ।
- सम्पति कर र मालपोत तथा भूमिकरलाई समय सापेक्ष बनाउन र मालपोतको घरजग्गा रजिस्ट्रेसन शुल्कका लागी कायम गरेको जग्गाको तथा घरको मुल्याङ्कन दरलाई सम्पत्ती कर र मालपोत तथा भूमिकरसँग मिलान गरी निर्धारण गरिने नीति लिइने छ। सोहीका आधारमा करका दररेट समेत प्रस्ताव गरिने छ ।
- आ.व. २०७६/०७७ देखि यस उप–महानगरपालिकाका सबै वडाहरुमा सम्पत्ति कर र मालपोत तथा भूमिकर लागु गरिएको छ, वड़ाबाट व्यावसाय कर लिने व्यवस्था कायम गरिएको छ। यसलाई समय सापेक्ष रुपमा अगाडी बढाइने छ।
- वडा स्तरबाट राजश्व संकलन कार्यलाई प्रभावकारी बनाउन वडाका कर्मचारीहरु र जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि तथा सवै वडालाई सूचना प्रविधिबाट **Linkage** गरिने छ।
- कोभिड १९ रोगका कारण आर्थिक, मानवीय र स्वास्थयमा आएको संकटका कारण आर्थिक क्रियाकलापमा आएको संकुचनले यस उप–महानगरपालिकाको आन्तरिक आय आ.व. २०७७/०७८ मा रु. १९ करोड ९९ लाख ७३ हजार ६६० उठाउने लक्ष्य लिईएको छ।



Scanned with CamScanner

- प्राकृतिक श्रोत,बिक्री दर निर्धारण गरी नगरपालिका क्षेत्र भित्र पर्ने नदी तथा सार्वजनिक स्थलबाट वालुवा, ग्राभेल, माटो र ढुंगा उठाउने कार्यलाई राजश्व परिचालनको प्रमुख आधारको रुपमा विकास गरिने छ।
- यस धनगढी उप–महानगरपालिकामा विगत लामो समय देखि पेश्की फछर्यौट हुन नसकेकोले आगामी आर्थिक वर्षमा पेश्कीलाई शुन्यमा झारिने छ।
- करदाता र कर प्रशासन दुबै पक्षको ईमान्दारिता, पारदर्शिता, स्वच्छता र सदाचारिता कायम गर्न सबै उपाय अबलम्बन गरिने छ। बिजक जारी गर्ने प्रबृतिको बिकास गरिने छ। कर कानूनको पालना गर्न करदाता साक्षरता कार्याक्रम अभियानको रुपमा संचालन गरिने छ।
- न्यून दरमा कर लगाई सवै आर्थिक तथा व्यापारिक कारोबार गर्नेलाई करको दायरामा ल्याइनेछ।
- धनगढी उप-महानगरपालिकाको आर्थिक हित अभिवृद्धिको लागी लागानी प्रवर्द्धन र २०० भन्दा वढी रोजगारी सृजना गर्ने उद्योगहरुमा कर छुटको नीति अवलम्वन गरिने छ।
- करदाता दर्ता प्रणालीमा सुधार गर्नका लागी सवै व्यवशाय तथा आर्थिक कारोबार गर्नेहरुको बिवरण **online** प्रणालीमा आवद्ध गरिने छ। नयाँ दर्ता प्रणालीमा सबैको बिवरण अद्यावधिक गरिने छ।
- प्रत्येक वडावाट नै सम्पूर्ण कर, शुल्क, महसुल र दस्तुर उठाउन मिल्ने गरि नयाँ **Fiber Networking** प्रणालीको स्थापना गरिएको छ। सम्पूर्ण वडावाट राजश्व संकलन गरिने व्यवस्था मिलाईएको छ।
- उप-महानगंरपालिका क्षेत्रभित्र रहेको सामुदायिक बन बाट उठेको रकमको १० प्रतिशत रकम नगरपालिकाको संचित कोषमा जम्मा गर्न अनिवार्य गराईनेछ। सवै सामुदायिक वनलाई कार्य योजना सहित नगरपालिकामा बिवरण पेश गर्न अनिवार्य गरिने छ।
- राजश्व संकलन लाई प्रभावकारी बनाईनेछ ।भविष्यमा अनुदानमा आधारित बजेटको श्रोतलाई राजश्व वृद्धि बढोत्तरीले प्रतिस्थापन गर्ने नीति लिईने छ।
- करको दायरामा नआएका व्यक्तिहरुले २०७७ पौष मसान्त भित्र दर्ता हुन आएमा आ.ब. २०७६/०७७ भन्दा अघिको वक्यौता रकमको जरिवाना मिनाहा हुने व्यवस्था कायम गरिने छ।
- घर दैलोबाट कर उठाउन राजश्व परिचालन कार्यदल गठन गरिनेछ। कार्यदललाई उत्प्रेरणात्मक व्यवस्था कायम गर्न थप मौद्रिक प्रोत्साहनको व्यवस्था समेत कायम गरिने छ।
- राजश्व प्रशासनले उठाएको कर सम्बन्धमा चित्त नवुझाउने करदाताहरुले पुनरालोवकनका लागी नगर उप–प्रमुख समक्ष सोझै निवेदन दिन सक्ने व्यवस्था मिलाईने छ ।
- विद्युतीय माध्यमबाट बिजक जारी गरी राजश्व संकलन कार्यलाई थप सरलिकृत गरिने छ।
- आय ठेक्कामा छुट सहुलियत, व्यापार व्यवसाय तथा सेवा क्षेत्रमा कोभिड १९ रोगका कारण आर्थिक, मानवीय स्वास्थयमा आएको संकटले आर्थिक क्रियाकलापमा देखिएको संकुचनलाई हेरी आवश्यक छुट र सहुलियतको व्यवस्था कायम गरिनेछ ।
- राजश्वपरामर्श समितिलाई क्रियाशिल बनाउनका लागी क्षमता बिकास कार्यक्रम संचालन गरिने छ।
- सार्वजनिक निजी साझेदारीको माध्यमबाट स्थानीय तहमा पूर्वाधार संरचनाको निर्माण र संचालन तथा सार्वजनिक सेवा प्रवाह गरी धनगढी उप–महानगरपालिकाको वृहत सामाजीक तथा आर्थिक विकास गर्न तथा सर्वसाधारणलाई भरपर्दो, किफायती र सर्वसुलभ रुपमा सेवा सुविधा उपलब्ध गराउने तर्फ बिशेष पहल गरिने छ।
- धनगढी उपमहानगरपालिकाका निजी उद्यमी र नगरपालिकाका बीच जोखिम तथा लाभको उचित ढंग बाट बांडफांड गर्ने गरी धनगढी उप–महानगरपालिका वडा नं. १५ मा रहेको कनरी पार्क र प्रस्ताबित जडीवुटी प्रशोधन केन्द्र, धनगढी उप.म.न.पा को फोहोरमैला व्यवस्थापन र व्यवस्थित बधशाला संचालन गर्नको लागी सार्वजनिक निजी साझेदारीको माध्यमबाट संचालन गर्ने गरी कार्य अगाढी बढाइने छ। स्थानीय सीप, श्रोत र साधनमा आधारीत लघु घरेलु तथा साना उद्योग तथा व्यावसाय



Scanned with CamScanner

प्रवर्द्धन गरी रोजगारी तथा स्व-रोजगार मार्फत आय आर्जन वृद्धि गर्ने क्रियाकलापलाई प्रथमिकता र प्रोत्साहन गरिने छ। थप अन्य आवश्यक परियोजनाहरुको समेत खोज र अध्ययन गरी आवश्यक कार्य अगाढी बढाइने छ ।

९. **सूचना तथा सञ्चार प्रविधि तर्फ:**

- सूचना संचार र प्रविधिमा सबै नगरवासीहरुको पहुँच पुर्याउन प्रभावकारी दूरसंचार सेवाको विस्तार गर्दै सबै वडा कार्यालय सम्म Optical Fiber Connectivitiy कार्य सम्पन्न गरिएको र आगामी दिनमा वडा कार्यालयबाट सम्पादन हुने सबै कार्यलाई Network Connectivity मा लगिनेछ।
- संचार क्षेत्रको विकास तथा प्रवर्द्धन गर्ने नीति लिईने छ।
- समुदायहरुलाई सूचना तथा संचार प्रविधिको अर्थपूर्ण प्रयोगमा सक्षम बनाउन नगरपालिकामा सूचना प्रविधि केन्द्रहरु (Techno Hub) को स्थापना भएको र आगामी आ.व. मा पनि थप वडाहरुमा सूचना प्रविधि केन्द्रहरुको स्थापना गरी डिजिटल साक्षरता सम्बन्धी कार्यक्रमहरु विस्तार गरिने छ।
- धनगढी उप–महानगरपालिकाको विद्युतीय सुशासन सम्बन्धी क्रियाकलापहरु खुला सरकार (open government) को अवधारणाबाट निर्देशित रही सूचना तथ्याङ्कहरु विभिन्न माध्यमबाट विश्लेषण गर्न सकिने स्वरूप open format मा उपलब्ध गराउने व्यवस्था गरी सकिएको छ। यसलाई थप रुपमा प्रभावकारी बनाईने छ।
- कृषि प्रविधि र बजार मूल्य सम्बन्धी सूचना प्रणाली Agriculture Information System को विकास गरिने छ ।
- घर नक्सा प्रक्रियालाई सहज बनाउन Electronic Building Permit System- EBPS लागु गरिने छ।
- धनगढी उप–महानगरपालिका क्षेत्र भित्र E-Library स्थापना गरिनेछ।
- धनगढी उप–महानगरपालिका क्षेत्रमा सार्वजनिक निजी साझेदारी (PPP) को अवधारणा बमोजिम अध्ययन, अनुसन्धान र परामर्श केन्द्रको (Incubation Center) स्थापनार्थ पहल गरिनेछ।
- धनगढी उप–महानगरपालिकाको सम्पूर्ण वडाहरुको श्रोत नक्साङ्कन (GIS MAPPING) कार्यलाई निरन्तरता दिईने छ।
- नगरपालिकामा योजना बैंक (Municipal Project Bank) को स्थापना गरी लागु गरिने छ।
- कर्मचारीहरुको Bio metric पद्दति द्वारा केन्द्रिकृत हाजिरी प्रणाली लागु गरिएको छ।सेवाग्राहीहरुको अनलाईनबाट पनि उजुरी तथा गुनासाहरु लिन गुनासो व्यवस्थापन प्रणाली (Grievance Redressal Management System) लागु गरिने छ।
- पूर्वाधार सम्बन्धी योजनाहरुको तथ्याङ्क व्यवस्थित गर्न पूर्वाधार व्यवस्थापन प्रणाली (Infrastructure Management System) को प्रभावकारी कार्यान्वयन गरिने छ । नगरपालिकाको सम्पूर्ण महाशाखा/शाखाहरुको तथ्यांक तथा प्रगति व्यवस्थापनका लागी Integrated Municiapl Management System (IMMS) लागु गरिने छ।
- धनगढी उप–महानगरपालिकाको विद्युतीय सुशासन प्रवर्द्धन गर्न तपशिलका प्रणालीहरु लागु गरिएको छ।
    - Digital Citizen Charter
    - Data Portal
    - Audio Voice Broadcasting system
    - Mobile Application
- नागरिक वडापत्र लाई Interactive Display समावेश गरी वडाहरुमा समेत यो प्रणाली लागु गरिने छ।
- सबै सामुदायिक स्कुलहरु तथा स्वास्थ्य संस्थाहरुमा internet को पहुँच सुनिश्चित गर्न Municipal Optical Fiber Network मा ज़डान गरी Smart Education/Smart Health Care Sytem लागु गरिने छ।
- सूचना तथा संचार प्रविधिको प्रयोगद्वारा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने विद्यमान प्रयासहरुलाई निरन्तरता प्रदान गरिनेछ। यसै सन्दर्भमा Muncipal E-Governance Master Plan तर्जुमा गरी लागु गरिनेछ।



Scanned with CamScanner

- Matrix प्रणालीमा आधारित GIS Based House Numbering गर्ने कार्यलाई निरन्तरता दिईने छ ।
- अव्यवस्थित वसोवास गरिवसेका सुकुम्वासी, मुक्त कमैया आदिको अभिलेख तयार गर्न वार्ड मार्फत परिचालन गरिने छ।
- Capital Investment Plan तयार गरिने छ।
- नगरपालिकाको सम्पत्ति व्यवस्थापन योजना तयार गरिने छ।
- नगरपालिका भित्रका पत्रकारितालाई समावेशी बनाउन आवश्यक प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिने छ।
- धनगढी उप–महानगरपालिकाको विकास निर्माण, सेवा प्रवाह र सुशासन प्रवर्द्धनका नीति, योजना, कार्यक्रमहरुलाई आम जनसमक्ष सकारात्मक रुपमा संप्रेषण भएको सूचना, समाचार र सेवा प्रवाहको बजारीकरण गर्ने पत्रकारितालाई आगामी आर्थिक वर्ष देखि पुरस्कृत गरिने नीति लिईने छ। साथै सम्पादक, समाचार सम्प्रेषक र सम्वाददातालाई समेत सम्मान गर्ने नीति लिईने छ।
- विकास पत्रकारीतालाई जोड दिन आवश्यक पहल गर्दै नगरपालिकाबाट विकासका क्षेत्रमा खोज, अनुसन्धान र रचनात्मक सुझाव उपलब्ध गराउने पत्रकारितालाई प्रोत्साहन गर्ने नीति लिईने छ।

१०. भवन नक्सा पास तर्फ:

- घरको नक्सापास गर्दा बाउण्ड्रीवालको समेत नक्सापास गर्ने व्यवस्था अनिवार्य गरिने छ। बाउण्ड्रीवालका लागी पनि Set Back को व्यवस्था अनिवार्य लागु गरिने छ।
- निर्माण भएका एकतले घरमा भवन संहिता अनुसार निर्माण नभएका तला थपको स्विकृति दिंदा पहिलेको घर (Retrofitting) सबलीकरण गरेर मात्र स्विकृति दिने व्यवस्था मिलाईने छ।
- सबलीकरण कार्यका लागी प्राविधिक सहयोग धनगढी उप महानगरपालिकाले निःशुल्क उपलब्ध गराउने छ।
- नक्सापास प्रक्रियालाई विद्युतिय माध्यमबाट अगाडि बढाइने छ।
- भवन नक्सा पास गर्दा साईट प्लानमा उल्लेख भए अनुसार सेन्टर लाईनबाट छोडेको Right of Way (ROW) अनुसार अनिवार्य रुपमा Boundary Wall लगाउने अन्यथा निर्माण सम्पन्न प्रमाणपत्र उपलब्ध नगराउने गरी भवन निर्माण मापदण्डमा प्रावधान थप गरी निर्णय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिइने छ।

११. वित्तिय व्यवस्थापन तथा आर्थिक अनुशासन तर्फ:

- संघीय सरकारबाट अनिवार्य रुपमा लागु भएको अग्रिम भ्याट कट्टी प्रावधानलाई निरन्तता दिइने छ।
- नेपाल सरकारले अपनाएको आर्थिक नीतिलाई पूर्णरुपमा लागु गरिने छ। सुत्र लेखा प्रणालीलाई पूर्ण रुपमा प्रयोगमा ल्याइएकोले यसलाई निरन्तरता दिइने छ।
- नगरपालिकाको वेरुजुलाई घटाँउदै शुन्य वेरुजु अभियान चलाईने छ।
- उपभोक्ता समिति, संघ संस्थालाई पेश्की दिने कार्यलाई पूर्णरुपमा निरुत्साहित गरिने कार्यलाई निरन्तता दिइने छ।
- रु.५० लाख भन्दा माथिको कालोपत्रे गर्ने काममा अनिवार्य रुपमा ल्याव टेष्ट रिर्पोट पेश गर्नुपर्ने व्यवस्थालाई लागु गरिने छ।

१२. महिला तथा वालवालिका तर्फ:

- ग्रमिण क्षेत्रका बिपन्न असाहाय पछाडी पारीएका महिलाहरुलाई सामुहिक रुपमा आबद्ध गराई जनचेतना जागरण, क्षमता बिकास र सामाजीक परिचालनको माध्यमबाट आर्थिक, राजनैतिक र सामाजीक रुपमा उनिहरुलाई बिभिन्न आयमुलक कार्यक्रममा समावेश गरी क्षमता विकास गराउने नीति लिईने छ।
- महिलाहरुलाई सशक्तीकरण गरी बिकासको मूलप्रवाहिकरणमा ल्याउने नीति अवलम्वन गरिने छ।

Scanned with CamScanner

- लक्षित महिलाहरुको सशत्तीकरणको स्तर हासिल गर्नको लागी उनिहरुलाई मूलप्रवाहिकरण, समावेशिकरण, सशक्तीकरण, लैंगिक समानता र नेतृत्व बिकासका कार्यक्रममा समावेस गराईने रणनीति अपनाईने छ ।
- समुहमा आवद्ध महिलाहरुलाई सामाजीक रुपमा सशक्त् , आर्थिक रुपमा आत्मनिर्भर बनाउनका लागी साधन सहितको आयमुलक तालीम संचालन गरि उद्यमी बनाउने नीति लिईने छ ।
- उद्यमी महिलाहरुको समुह गठन गरि उद्यमशीलताका लागी अग्रसर गराउने नीति लिईने छ ।
- ग्रामीण क्षेत्रमा उत्पादन हुने कच्चा पदार्थलाई प्रसोधन गरी व्यावसायीकतालाई प्रवर्धन गर्ने नीति लिईने छ ।
- गरीब, दलित, बिपन्न, मुश्लिम, जनजाती,आदिवासि पछाडि पारीएका वर्ग तथा समुदायका महिलाहरुलाई विभिन्न सीपमुलक कार्यक्रमहरु संचालन गरी आत्मनिर्भर बाउने नीति लिईने छ ।
- एकल महिला सम्वन्धि तथ्यांक संकलन र समुह गठन गरी उनिहरुको माग र आवश्यकता अनुसार आयमुलक कार्यक्रमहरु संचालन गरिने नीति लिईने छ ।
- लैङ्गिक उत्तरदायी बजेट अनुसार कार्यक्रम तर्जमा गरी कार्यन्यनमा ल्याईने छ ।

बालबालिका सम्बन्धि

- आर्थिक आवस्था कमजोर रहेका बालबालिकाहरुका अविभावकहरुलाई आत्मनिर्भर बनाउन सीपमुलक कार्यक्रम संचालन गरिने नीति लिईने छ ।
- कोभिड-१९ बाट प्रभावित वालवालिकाका अविभावकहरुलाईआत्मनिर्भर बनाउन बिभिन्न किसिमका सीपमुलक कार्यक्रमहरु संचालन गरीने नीति लिईने छ ।
- धनगढी उपमहानगरपालिका भित्र रहेका वालवालिकाहरुको वाड तथा नगर स्तरीय क्लबहरु गठन गरी उनिहरुको अधिकार सुनिचित गर्न विद्यलयबाट बन्वित वालवालिकाहरुलाई जीवन उपयोगि सीप सीकाई आत्मनिर्भर बनाउनका साथै लागुपदार्थ सेवन, कुलत, बालबिवाह, छुवाछुत जस्ता सामाजीक विकृति तथा कुरिति बिरुद्ध अभियान संचालन गरीने नीति लिईने छ ।
- वालश्रम तथा वालशोषण मुक्त नगर निर्माण अभियानलाई निरन्तता दिइने छ ।

**जेष्ठ नागरीक सम्वन्धि**

- जेष्ठ नागरिकहरुका लगि नागरिक हक अधिकार वारे जानकारी गराई आत्मनिर्भर गराउनका साथै सम्मान साथ बाँच्नका लागी विभिन्न चेतनामुलक कार्यक्रम योगाअभ्यास सीपमुलक कार्यक्रम संचालन गरिने छ ।

**अपाङ्गता सम्बन्धि**

- अपागंता भएका व्याक्तिहरुका हक अधिकार सुनिश्चित गरी निजहरुले पाउने सेवा सुविधाका साथै बिभिन्न सीपमुलक तथा चेतनामुलक कार्यक्रमहरुमा समावेश गरी आत्मनिर्भरका साथै आर्थिक,समाजिक,रुपमा सशक्तिकरण गरिने नीति लिईने छ ।
- नगरपालिकाले निर्माण गर्ने भौतिक संरचनामा फरक क्षमता भएका व्यक्तिहरुको पहुचँका लागी अपागंमैत्री संरचना निर्माणलाई अनिवार्य गरिने नीतिलाई निरन्तता दिइने छ ।

**१३. प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फ**

- देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागी यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागी आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।
- स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागी रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूती गराइनेछ।
- COVID-19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीका प्रवर्धनगर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिलाई तालिम दिइनेछ।



Scanned with CamScanner

- संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ।
- आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय र निजी सहकारी तथा गैर सहकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिइनेछ।
- बैदेशिक रोजगारी बाट फिर्ता आएका श्रमिकहरुको सीप पहिचान गरी स्वरोजगारमुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ. साथै स्वरोजगारमुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिनेछ।
- श्रम सम्बन्ध लाई प्राथमिकता दिंदै सार्वजनिक पुर्वाधार निर्माण,कृषि, व्यवसायिक उद्योग,वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।
- रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिनेछ।
- नगर स्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागी रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।
- युवा रोजगारीका लागी रुपान्तरण पहल आयोजना तथा कामका लागी पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुलाई थप सशक्त रुपमा सञ्चालन गरिनेछ।
- संघीय सरकारबाट प्राप्त बजेट श्रमिकको ज्यालामा मात्र खर्च गर्नुपर्ने भएकोले आयोजनामा लाग्ने निर्माण सामाग्री तथा औजारहरुको लागी नगरपालिका बाट आवश्यक बजेट विनियोजन गरिनेछ।
- यस उप-महानगरपालिका भित्र बसोबास गर्ने अति विपन्न परिवारहरुको पहिचान गरी न्युनतम आवस्यकताबाट वञ्चित नहोउन भन्ने उद्देश्यले आन्तरिक रोजगारी वा स्वरोजगारीमा संलग्न गराउने कार्य पहिलो प्राथमिकतामा राखिने नीति लिइने छ।

**आदरणीय नगरसभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

उल्लिखित नीति र कार्यक्रमका आधारमा बिनियोजन विधेयक २०७७ र आर्थिक विधेयक २०७७ तयार गरी नगर कार्यपालिका बैठकबाट स्वीकृत गराई यस सम्मानित नगरसभा मार्फत पारित हुन प्रस्ताव गरेको छु। नीति तथा कार्यक्रमका आधारमानै आय र व्ययको अनुमान तयार गरी यस नगर सभा समक्ष पेश गरेको छु। नगर कार्यपालिकाबाट स्वीकृत गरी पेश गरेको आ.व. २०७७।०७८ को आय र व्ययको अनुमान स्वीकृतीको लागी यथार्थ बजेट रकम आय र व्ययको अनुमान तपशिल अनुसार पेश गर्ने अनुमति चाहन्छु।यस पूर्व गत आर्थिक वर्षको यर्थात आय र व्यय,चालु आर्थिक वर्षको संशोधित आय र व्यय प्रस्तुत गर्न सान्दर्भिक ठानी यस सम्मानित नगर सभा समक्ष पेश गरेको छु।

गत वर्ष (२०७५।०७६) को यथार्थ आय र व्यय यस प्रकार छ।

**यथार्थ आय तर्फ:**

| | |
|---|---|
| आन्तरिक आय: | १३,३३,०८,५६७.६३ |
| बाह्य आय: | १,३५,३५,१२,६४२.७२ |
| सरी आएको मौज्दात: | १५,४५,३४,६७९.४५ |
| कूल जम्मा आय: | १,६४,१३,५५,८८९.८ |

**व्यय तर्फ:**

| | |
|---|---|
| आन्तरिक: | १३,३३,०८,५६७.६३ |
| बाह्य: | १,३५,३५,१२,६४२.७२ |
| कूल जम्मा व्यय: | १,४८,६८,२१,२१०.३५ |
| नगद मौज्दात रु: | १५,४५,३४,६७९.४५ |

सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्णसदस्यज्यूहरु,

अब म चालु आ.व.(२०७६।०७७)को जेठ मसान्त सम्मको यथार्थ आय/व्ययको संक्षिप्त विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

जेठ ३२ सम्मको यथार्थ आम्दानी र खर्च:

आ.व. २०७६/७७ मा कूल आय रु १ अरब २८ करोड ३२ लाख २७ हजार मध्ये आन्तरिक स्रोतबाट १७ करोड ८० लाख बाह्य श्रोतबाट रु. १ अरब १० करोड ५२ लाख २७ हजार रहेको छ। कूल खर्च रु. ९५ करोड ९२ लाख १७ हजार मध्ये चालु खर्च रु. ६९ करोड ४४ लाख ३८ हजार र पूँजिगत खर्च रु. २६ करोड ४७ लाख ७९ हजार भएको छ। चालु खर्चमा सामाजीक सुरक्षा कार्यक्रमको रु. १८ करोड २२ लाख



Scanned with CamScanner

समावेश गरिएको छैन। उल्लिखित आन्तरीक आयमा न.पा को नगद मौज्दात समेत समावेश छ | नगद मौज्दात वाहेक न.पा. को २०७६/७७ जेष्ठ मसान्त सम्मको खुद आन्तरीक आय रु. १२ करोड ४७ लाख ८४ हजार २५६ मात्र रहेको छ |

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

अव म आगामी आ.ब.२०७७/०७८ प्रस्तावित आयव्यय विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

यस नगरपालिकाको आर्थिक वर्ष २०७७/०७८ का लागी कूल आय रु.१ अरब ६३ करोड ८२ लाख रहेको छ | कूल खर्च मध्ये चालु खर्च तर्फ रु. ८५ करोड मात्र र पुँजीगत खर्च तर्फ रु. ७८ करोड ८२ लाख रहेको छ।

**कूल आय तथा व्ययको श्रोत र क्षेत्रगत विवरण:**

**आय तर्फ:**

आन्तरिक आय रु. १९ करोड ९९ लाख ७३ हजार ६६०, वित्तीय सामानिकरण रु. २९ करोड २ लाख, राजश्व बाँडफाँड रु. १८ करोड ४० लाख, सशर्त अनुदान रु. ५० करोड २६ लाख प्रदेश सरकार समपुरक कोष अनुदान रु. २ करोड ५० लाख प्रदेश सरकार बिशेष अनुदान रु. १ करोड १४ लाख अन्य आय रु. ४२ करोड ५० लाख २६ हजार ३४० गरी जम्मा रु. १ अरब ६३ करोड ८२ लाख आयको अनुमान गरिएको छ।

**व्यय तर्फ:**

चालु खर्च तर्फ रु. ८५ करोड रुपैया र पूजीगत खर्च तर्फ रु. ७८ करोड ८२ लाख गरी जम्मा कुल खर्च रु. १ अरब ६३ करोड ८२ लाख अनुमान गरेको छ।

खर्च तर्फ योजनागत विस्तृत विवरण नगरसभाबाट पारित भै सके पछि सार्वजनिक गरिनेछ। व्ययको चालु प्रशासनीक खर्च तर्फ नेपाल सरकारले तोकेको राष्ट्र सेवक कर्मचारीहरुको तलब, सेवा, सुविधा र नगरपालिकाले दिएको सेवा सुबिधा समेत सोहि सरह नै कार्यान्वयन हुने गरी यस उप–महानगरपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण स्थायी, करार, ज्यालादारी कर्मचारीहरुको तलब,भत्ता र अन्य सुविधा प्रशासनीक खर्चको शिर्षकमा तलव, भत्ता र सुविधाको खर्च रकम उल्लेख गरेको छु।

उल्लिखित अनुमानित आय र व्ययको बजेट रकम वरावर हुने गरी विनियोजन गरेको छु। यसले गर्दा यस उप–महानगरपालिकाको आगामी आर्थिक वर्ष (२०७७।०७८) बजेट अनुमान सन्तुलित बजेटको सिद्धान्त अनुसार तर्जुमा भएको व्यहोरा यस सम्मानित नगर सभालाई जानकारी गराएको छु।

**आदरणीय नगर सभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपाल सरकारको आगामी आर्थिक वर्षको विनियोजन ऐन र आर्थिक ऐनको कानूनी व्यवस्था अनुसार निम्न शिर्षकका रकमहरु स्थानीय सरकारको विनियोजन ऐन र आर्थिक ऐनमा राख्नु नपर्ने साथै रातो किताबमा समेत देखाउन नपर्ने व्यवस्था भएकोले तपशिलमा उल्लिखित बजेट रकमहरु नेपाल सरकार र प्रदेश सरकार मार्फत विगतमा झै निरन्तर रुपमा स्थानीय सरकार मार्फत निकासा भै रहने व्यवहोरा समेत सम्मानित नगर सभा समक्ष सादर जानकारी गराएको छु।

**तपशिल:**

क) सामाजीक सुरक्षा अनुमानित बजेट रकम रु. ३० करोड

ख) सडक वोर्ड नेपाल अनुमानित बजेट,रकम रु. १ करोड

ग) तराई मधेश समृद्धि कार्यक्रम अनुमानित बजेट रकम रु. १ करोड

घ) स्थानीय पूर्वाधार साझेदारी विकासं कार्यक्रम अनुमानित बजेट रकम रु. ४ करोड

ङ) क्षेत्रीय शहरी विकास आयोजना अनुमानित बजेट रकम रु. ८ करोड

च) प्रदेश पूर्वाधार विकाश कार्यक्रम रु. २ करोड

**अनुमानित बजेट रकम**

छ) अन्य कार्यक्रम अनुदान अनुमानित बजेट रकम रु. १ करोड

नगरपालिकामा कार्यान्वयन हुने तर आय/व्यय ( बजेट ) पुस्तिकामा समावेश नभएका

अनुमानित बजेट रकम रु. ४७ करोड

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान र प्रचलित कानून बमोजिम मैले सम्मानित कार्यपालिकाको सर्वसम्मत निर्णयबाट उल्लिखित आगामी आ.व.२०७७/०७८का लागी नीति,कार्यक्रम तथा बजेट तय गरी यस सम्मानित नगरसभा समक्ष प्रस्तुत गरेको छु। कार्यक्रम अनुसार बजेट तय गरेको छु। कार्यक्रम तयार गर्दा



Scanned with CamScanner

उल्लिखित नीतिहरुलाई मूल आधारको रुपमा लिएको छु। नीतिहरु कार्यान्वयनका लागी स्रोत र साधनको व्यवस्था गरी क्रमशः लागु गर्दै जान सम्मानित नगरसभा समक्ष सादर जानकारी गराएको छु। साधन स्रोतको सिमितताले मैले माथि उल्लिखित नीतिहरु पूर्णरुपेण तत्काल आगामी आ.व.२०७७/७८ मा कार्यान्वयन गर्न असमर्थ हुने देखी सम्मानित नगरसभा समक्ष सादर सूचना प्रेषित गरेको छु। तथापि क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिज्ञा नगरकार्यपालिका मार्फत व्यक्त गरेको छु।

**आदरणीय नगर सभाका अध्यक्षज्यू, आदरणीय नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
अव म सम्मानित नगरसभा समक्ष मैले माथि प्रस्तुत गरेको धनगढी उप महानगरपालिकाको गत वर्षको यथार्थ आय र व्यय, चालु आर्थिक वर्षको संसोधित आय र व्यय, आगामी आ.व. २०७७/०७८ को अनुमानित आय र व्ययको विवरण सम्मानित नगरसभा बाट घनिभूतरुपमा छलफल भै पारित हुनका लागी प्रस्ताव गरेको छु। साथै नेपालको संविधान र प्रचलित कानूनको अधीनमा रही यस धनगढी उप महानगरपालिकाको कार्यपालिकाले सर्वसम्मतिले गरेको निर्णय अनुसार आगामी आ.व. २०७७/०७८ को प्रस्तावित आर्थिक विधेयक २०७७ (आ.व.२०७७/०७८) का लागी प्रस्ताव गरिएको करका दरेटहरुको अनुमान सहितको जम्मा आय रु १९ करोड ९९ लाख ७३ हजार ६४० र विनियोजन विधेयक २०७७ (आ.व. २०७७/०७८) का लागी प्रस्ताव गरिएको प्रशासनीक र पूँजीगत खर्चको बाँडफाँडको अनुमान रु. १ अरब ६३ करोड ८२ लाख उपर छलफल गरी पारित गरियोस भनि प्रस्ताव गरेको छु। साथै यस धनगढी उप–महानगरपालिकाको लागी कार्यान्वयन हुन पेश भएका उल्लिखित दुवै विधेयकहरु (आर्थिक विधेयक २०७७ र विनियोजन विधेयक २०७७) छलफल गरी पारित गर्न र आगामी आर्थिक वर्षका लागी ऐनको रुपमा कार्यान्वयन गर्न दुबै विधेयक यस सम्मानित नगरसभा समक्ष प्रस्ताव गरेको छु।

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
उल्लिखित-नीति, कार्यक्रम तथा बजेट विवरणमा सामान्य भाषिक र अंक गणितिय त्रुटिहरु हुन सक्छन। यसको लागी सम्मानित नगर सभा समक्ष क्षमायाचना गर्दै यदि त्यसो हुन गएमा सच्याउनका लागी नगरकार्यपालिका मार्फत सम्मानित नगरसभा समक्ष सादर अनुमति मागेको छु। साथै नगरपालिकाले पेश गरेका आ.व. ०७७।०७८ का नीति, कार्यक्रम तथा बजेट स्वीकृतीकोलागी पेश गरेको छु। नगरपालिकाको गत वर्ष ०७५।०७६ को यथार्थ आय र व्यय,चालु आ.व. २०७६।०७७ को खर्च समर्थनको लागी समेत पेश गरेको छु।

**सम्मानित नगर सभाका अध्यक्षज्यू, नगर सभाका सम्पूर्ण सदस्यज्यूहरु,**
नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने क्रममा संघीय सरकार तथा माननीय सांसदज्यूहरु,प्रदेश सरकार तथा माननीय प्रदेश सभाका सदस्यज्यूहरु,सम्पूर्ण राजनैतिक दलका प्रतिनिधिज्यूहरुबाट प्राप्त सुझाव,सहयोग तथा प्रेरणा प्रति आभार प्रकट गर्दछु। हामीले गरेको आग्रहलाई स्वीकार गरी बैठक तथा छलफलमा उपस्थित भै उल्लिखित सुझाव दिनु हुने नगरकार्यपालिकाका सदस्यज्यूहरू, बिभिन्न विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु लगायत विभिन्न क्षेत्रमा विज्ञता प्राप्त ब्यक्तित्व महानुभावहरुलाई विशेष धन्यवाद दिन चाहन्छु। बजेटको सिद्धान्त र प्राथमिकतामा ब्यापक छलफल गरी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा सुझाव दिनुहुने नगर कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण कर्मचारी मित्रहरु,विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरू, करदाता, उद्यमी, ब्यापारी/व्यवसायी, समाजसेवी, ज्येष्ठ नागरिक, नागरिक समाजका अगुवाहरु, पत्रकार मित्रहरु, यस नगरपालिकालाई सहयोग पुर्याउने अगैसस र गैससहरु सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।
हामीलाई रचनात्मक सुझाव र सल्लाह दिनुहुने सम्पूर्ण आदरणीय व्यक्तित्वहरु प्रति हार्दिक आभार व्यक्त गर्दै प्रस्तुत नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनका लागी यहाँहरुबाट प्राप्त हुने रचनात्मक सुझावहरुलाई मार्गदर्शनको रूपमा लिएर धनगढी उप–महानगरपालिका अगाडि बढ्ने विश्वाश दिलाउदै कार्यक्रमको सफल कार्यान्वयनमा सबैको सहयोग निरन्तर रहने अपेक्षा गरेको छु।

Scanned with CamScanner